## डरलाग्दो व्यापार असन्तुलन

काठमाडौं । व्यापार सन्तुलनमा नेपाल संसारका १२९ मुलुकमध्ये खराब आठको सूचीमा परेको छ । विश्व बैंकको तथ्यांकलाई आधार मानेर 'द ग्लोबल इकोनोमी' ले प्रकाशित गरेको तथ्यांकमा नेपाललाई १२२ औं स्थानमा राखिएको छ । एसियाका ३१ मुलुकमध्ये प्यालेस्टाइनपछि सबैभन्दा खराब अवस्थामा नेपाललाई देखाइएको छ ।

सन् २०१८ को तथ्यांकअनुसार नेपालको व्यापारघाटा कुल गार्हस्थ्य उत्पादन **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## अन्ततः भारतकै समर्थन

काठमाडौं । नरेन्द्र मोदी नेतृत्वको भारत सरकारले ५ अगस्टमा जम्मु कस्मिर राज्यलाई विशेषाधिकार दिने संविधानको धारा ३७० खारेज गर्ने निर्णय गरेको थियो । साथै जम्मु कस्मिरलाई दुईवटा अलग केन्द्र शासित राज्यमा विभाजन गर्ने निर्णय समेत गरेको थियो । मोदी सरकारको उक्त निर्णयको पाकिस्तानले धुवाँधार विरोध गऱ्यो । चीनले पनि असन्तुष्टि जनायो।पाकिस्तानले कस्मिर संकटलाई अन्तर्राष्ट्रियकरण गर्दै राष्ट्र संघीय सुरक्षा परिषद्मा समेत पुऱ्यायो । कस्मिरमा भारतीय कदमबारे सुरक्षा परिषद्मा अनौपचारिक रुपमा छलफल समेत भयो । **बाँकी ८ पेजमा**

वर्ष ८ अंक २०, २०७६ साल भदौ २० गते शुक्रबार, नेपाल संवत् ११३९ (Sept. 6, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।–

# १९५० को सन्धि यथावत रहने संकेत

काठमाडौं । नेपाल र भारतबीच रहेका सबै प्रकारका सन्धि सम्झौताको पुनरावलोकन, संशोधन वा खारेजीसम्मको प्रक्रियालाई अघि बढाउन गठित प्रबुद्ध व्यक्त समूह (इपीजी) ले तयार पारेको प्रतिवेदन एक वर्ष बितिसक्दा पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अझै बुझ्न मानेका छैनन् । दुवै देशका प्रधानमन्त्री तहमा भएका सहमति र त्यसैअनुसार गठन भएको प्रबुद्ध समूहले दुई वर्षको अवधि खर्चेर बनाएको 'साझा प्रतिवेदन' भारतले बुझ्न नमान्नु आफैंमा संशयपूर्ण छ । भारतीय पक्षबाट प्रधानमन्त्री मोदीको समय नमिलेको भन्दै 'उपयुक्त समय' को पर्खाइ रहेको कामचलाउ जवाफले इपीजीको प्राथमिकता र औचित्यमाथि नै प्रश्न उठेको छ । यो अवधिमा दुवै पक्षले तोकेको प्रबुद्ध समूहतर्फका स्वतन्त्र विज्ञहरु विभिन्न तहको जिम्मेवारी बहन गर्ने स्थानमा पुगेका छन् । भारतीय प्रबुद्ध समूहका संयोजक भगतसिंह कोसियारी महाराष्ट्रका गभर्नर बनेका छन् । बिसी उप्रेतीको निधन भइसकेको छ । नेपालतर्फका प्रबुद्ध समूह सदस्य निलाम्बर आचार्य भारतका लागि राजदूत बनाइएका छन । राजन भट्टराई प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकारको भूमिकामा छन् । अब यिनले इपिजी प्रतिवेदन बुझ्न भारत सरकारलाई दबाब दिने हैसियत राख्दैनन् ।

अब इपिजी प्रतिवेदन परराष्ट्र सचिवस्तरमा बुझाउन पहल सुरु भएको छ । इपिजी प्रतिवेदन सचिवस्तरमा पुऱ्याउनु भनेको २०५१ सालको अवस्थामा फर्काउनु हो । ०५१ मा दुवै देशका विदेश सचिवले पुराना सन्धि सम्झौता र सम्बन्धका बारेमा अध्ययन गर्न भनिएको थियो । खासगरी ६९ वर्षअघि भएको नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धि १९५० को पुनरावलोकनबारे छलफल गर्ने जिम्मा फेरि एकपटक विदेश सचिवहरुलाई दिइएको छ । झन्डै अढाई दशक विदेश सचिव तहमा जिम्मा लगाइएको यो विषय नसल्टिएपछि प्रतिवेदन पेस गर्न नेपाल भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) गठन भएको थियो । ०७२ सालमा गठित प्रबुद्ध व्यक्ति समूहको



प्रतिवेदन तयार भए पनि विदेशमन्त्री स्तरीय संयुक्त आयोगले ४ भदौमा पुनः विदेश सचिवलाई सन्धिबारे सुझाव दिन निर्देशन दियो । नेपाल भारत संयुक्त आयोगको बैठकमा भाग लिन भदौ पहिलो साता नेपाल आएका भारतीय विदेशमन्त्री एस जयशंकरले इपिजी प्रतिवेदन सचिवस्तरमा बुझ्ने आशय प्रकट गरेपछि प्रतिवेदन सचिवस्तरमा बुझाउनेतर्फ प्रक्रिया अघि बढेको हो । जयशंकरले इपिजी गठन हुँदा जुन प्रावधान तय थियो त्यसमा नै अडेर समूहले कार्य गरेको र प्रतिवेदन बुझाउँदा पनि त्यही तहमार्फत जानुपर्ने उल्लेख गरेका थिए ।

इपिजी गठन गर्दा प्रतिवेदन सचिव स्तरमा बुझाउने र त्यहाँ पुनः छलफल भएपछि संयुक्त आयोगमा लैजाने बताइएको थियो । दुई देशको सम्बन्धमाथि छलफल गर्ने उच्चस्तरीय राजनीतिक स्थायी संयन्त्र नेपाल भारत संयुक्त आयोगको पाँचौं बैठकमा पनि यो विषयले प्रवेश पाएको थियो । बैठकमा सचिवस्तरमा प्रतिवेदन बुझाउन सचिवालयलाई निर्देशन दिने भनिएअनुसार अब दुवै देशका विदेश सचिवहरुले इपिजी प्रतिवेदन बुझ्दैछन् । संयुक्त आयोगको बैठकपछि भएका ८० बुँदे माइन्युटमध्ये एक बुँदामा इपिजी र नेपाल भारत सन्धि सम्झौता थियो । सन् १९५० को नेपाल भारत सन्धिका विषयमा इपिजी प्रतिवेदनमा दुवै पक्षले राखेका धारणा समेटिएको छ । इपिजी प्रतिवेदनमा राजनीति, सुरक्षा र सीमा, सम्पर्क सञ्जाल र वित्तीय सहायता, वाणिज्य र पारवहन अनि ऊर्जा, जलस्रोत, शिक्षा र संस्कृति जस्ता द्विपक्षीय मामिलाको असहजता चिर्न गर्नुपर्ने काम उल्लेख छ । डकुमेन्ट खोज्ने, सीमा क्षेत्रमा अन्तर्क्रिया गर्ने, विज्ञसँग लामो वार्ता र छलफल गरी ९ चरणसम्म दुई पक्षीय छलफलपछि प्रतिवेदन तयार भएको थियो ।

१९५० को सन्धिको पृष्ठभूमि

अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरले वि.सं. २००५ वैशाख १८ गते नेपालको सत्ता सम्हालेका थिए । त्यसबेला नेपालमा प्रजातन्त्रको आवाज उठिरहेको थियो । वि.सं. १९९७ सालमा गंगाालाल, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाको राणा शासकले हत्या गरेपछि राणा विरोधी आन्दोलनको जग उठिसकेको थियो । राणा शासनको संरक्षक ब्रिटिस उपनिवेशवादले भारत छोडेको तीन वर्ष भइसकेको थियो । भारतीय सत्ताको नेतृत्वमा पं.जवाहरलाल नेहरु उदाएका थिए । देशभित्र प्रजातन्त्रको आवाज उठ्न थालेपछि राणाहरु आफूलाई असुरक्षित महसुस गर्न थालेका थिए ।

१ सय ८९ वर्ष लामो ब्रिटिस शासनको भारतमा अन्त्य हुनु, ब्रिटिस शासन विरोधी राजनीतिक शक्ति भारतीय राष्ट्रिय कांग्रेस सत्तामा आउनु अनि चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी सत्ता **बाँकी ८ पेजमा**

## चिनियाँ राष्ट्रपति नेपाल आउँदै



काठमाडौं । चिनियाँ राष्ट्रपति सी चिङफिङले आगामी १५ अक्टोबरमा नेपाल भ्रमण गर्ने सम्भावना बलियो बन्दै गएको छ । सोही मितिलाई आधार मान्दै नेपालले आन्तरिक गृहकार्य अघि बढाएको छ । राष्ट्रपति सीको नेपाल भ्रमण ९ घण्टाको मात्रै हुनेछ ।

पाँच दिन लामो भारत भ्रमणपछि उनी नेपाल हुँदै स्वदेश फर्कने कार्यक्रम तय गरिएको परराष्ट्र उच्च स्रोतले जनाएको छ । स्रोतका अनुसार राष्ट्रपति सीले ११ अक्टोबरदेखि भारतको पाँच दिने भ्रमण गर्दै छन् ।

उनको नेपाल भ्रमणका क्रममा नेपाल र चीनबीचको दुई पक्षीय सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरिएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले गत अप्रिल २०१९ मा चीन भ्रमणका क्रममा समकक्षी सीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएकी थिइन् । त्यतिबेला सीले उपयुक्त समयमा नेपाल भ्रमण गर्ने वचन दिएका थिए । उनले दक्षिण एसियाका भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र माल्दिभ्सको भ्रमण गरिसकेका छन् । राष्ट्रपति सीको नेपाल भ्रमणको तयारीस्वरूप चिनियाँ विदेशमन्त्री वाङ यही महिना नेपाल आउने भएका छन् । चिनियाँ राष्ट्रपतिको **बाँकी ८ पेजमा**

## झन् चुलियो व्यापारघाटा

काठमाडौं । आर्थिक वर्ष २०७५/७६मा १४ खर्ब १८ अर्ब ५४ करोड रुपैयाँको वस्तु आयात हुँदा ९७ अर्ब ११ करोड रुपैयाँको मात्र निर्यात भएको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत आवमा कुल व्यापार घाटा १३ खर्ब २१ अर्ब ४३ करोड रुपैयाँ भएको छ । यो अघिल्लो आवभन्दा १३.५ प्रतिशतले बढी हो ।

व्यापार घाटा बढे तापनि आयातमा भने अघिल्लो आवभन्दा १९.४ प्रतिशतले वृद्धि भएको छ । गन्तव्यको आधारमा भारततर्फ ३४.३ प्रतिशत र अन्य मुलुकतर्फ ०.२ प्रतिशतले निर्यात वृद्धि भएको छ । चीनतर्फको निर्यातमा १३.५ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पाम आयल, पोलिस्टर यार्न, जुटका सामान, दाल, चाउचाउलगायतका वस्तुको निर्यात बढेको छ भने अलैंची, तयारी पोसाक, पस्मिना, जुत्ता तथा चप्पल, छालालगायतका वस्तुहरूको निर्यात घटेको छ ।

निर्यातभन्दा आयात उच्च हुँदा व्यापार घाटा साढे १३ प्रतिशतले बढेर भारततर्फको आयात १२.८ प्रतशितले बढेको छ, चीनतर्फको साढे २८ र **बाँकी ८ पेजमा**

## जन्कु सम्पन्न




काठमाडौं । यस साप्ताहिकका नियात्रा स्तम्भकार श्री घनश्याम राजकर्णिकारको गत मंगलबार जन्कु (शुभभिमरथारोहण) सम्पन्न भएको छ । विशेष गरी नियात्रा साहित्यकारहरुलाई आमन्त्रण गरिएको रात्रिभोज सहितको कार्यक्रममा नेपालका नाम चलेका नियात्राकारहरु आमन्त्रित गरिएका थिए । उक्त अवसरमा विभिन्न साहित्यकारहरुले श्री राजकर्णिकारको दीर्घ जीवनको शुभकामना व्यक्त गर्दै कविता वाचन पनि गरेका थिए । समारोहमा यस साप्ताहिकका प्रकाशक/सम्पादक सुरेन्द्र ढकाल पनि आमन्त्रित हुनुहुन्थ्यो । ग्रेटर नेपाल साप्ताहिक परिवार श्री राजकर्णिकारको दीर्घ तथा स्वस्थ जीवनको शुभकामना व्यक्त गर्दछ ।

## राजतन्त्र 'रअ' ले फ्याँकेको खुलासा

काठमाडौं । भारतीय गुप्तचर संस्था 'रअ'को निर्देशनमा नेपालबाट राजतन्त्र हटाइएको 'रअ'कै पूर्वअधिकारी अमर भूषणले दाबी गरेका छन्। हालै प्रकाशित पुस्तकमा 'इनसाइड नेपाल' मा रअका पूर्व विशेष निर्देशक भूषणले पहिलो चरणमा राजतन्त्रलाई संवैधानिक बनाउन र दोस्रो चरणमा राजनीतिक दलको आन्दोलनका बलमा हटाउन 'रअ' ले गोप्य भूमिका निभाएको उल्लेख गरेका हुन्।

जसरी भए पनि राजतन्त्र हटाउन भूमिगत सशस्त्र विद्रोह गरिरहेको तत्कालीन माओवादीका नेता पुष्पकमल दाहाल प्रचण्डलाई फकाउनु परेको अवकाशप्राप्त अधिकारी भूषणले आफ्नो पुस्तकमा लेखेका छन्। रअले प्रचण्डलाई फकाउन लामो समय खर्चिएको पुस्तकमा चर्चा गरिएको छ।

रअकै योजनाबमोजिम प्रचण्ड राजतन्त्रविरुद्ध नेपालका अन्य राजनीतिक दलसँग सहकार्य गर्न पुगेका पुस्तकको दाबी छ। 'यसका लागि रअ र माओवादीबीच विभिन्न चरणमा छलफल भएका थिए। शुरुमा रअको योजनाप्रति माओवादी नेता प्रचण्ड आशंकित देखिन्थे। कतै पछि आफैं



असुरक्षित भइने हो कि भन्ने त्रास प्रचण्डमा थियो', पुस्तक उद्धृत गर्दै भारतीय मिडिया डीएनए इन्डियाले लेखेको छ, 'प्रचण्ड नेपालबाट राजतन्त्र उन्मूलन गर्ने विषय र त्यसपछिको अवस्थाबारे भारतीय गुप्तचर संस्था रअसँग विश्वस्त हुन चाहन्थे।'

प्रचण्ड रअसँग संशकित देखिएको पनि पुस्तकमा उल्लेख छ। 'माओवादी नेता प्रचण्डले रअ ब्यूरोप्रमुख जीवनाथनसँग 'हामी राजाको शासनमा रहन्छौं वा लोकतन्त्रमा जान चाहन्छौं ? यसबारे किन तपाईंहरूको यति धेरै चासो ?' भनेर प्रश्न गरेको समाचारमा जनाइएको छ।

पुस्तकमा जनाइएअनुसार सन् १९९० मा भारतीय गुप्तचर संस्था रअले नेपालको सक्रिय राजतन्त्रलाई संवैधानिक बनाउने खेल शुरु गर्यो। रअले नेपालमा आफूअनुकूल वातावरण तयार गर्न संवैधानिक राजतन्त्रमा सहज हुने पूर्वप्रमुख भूषणले 'इनसाइड नेपाल'मा विस्तृत चर्चा गरेका छन्।

रअको जासुसी भिन्न विचार र आस्था बोकेका राजनीतिक दललाई एकजुट बनाउन मात्रै थिएन, आफ्नो प्रभाव अति गोप्य रूपमा गरी राजतन्त्र उन्मूलन गर्नु थियो। जीवनाथनले त्यसबेला नेपालमा आफ्ना गोप्य दलालहरू नियुक्त गरेका थिए। भूषणले आफ्नो पुस्तकमा संकेतात्मक रूपमा जीवनाथनको नाम उल्लेख गरेका छन्। उनले राजा वीरेन्द्रको शासनकालभर नेपालमा विशेष युनिट सञ्चालन गरेको उल्लेख गरेका छन्। जीवनाथनले राजतन्त्र उन्मूलन गर्ने उक्त एकाइ २०४५र०४६ मा बनाएको जनाइएको छ। यसैको सहयोगमा नेपालमा शुरु भएको जनआन्दोलनलाई भारतीय सरकारले **बाँकी ८ पेजमा**

## सांस्कृतिक रुपान्तरणबारे विचारगोष्ठी


काठमाडौं । नेपाल प्रज्ञा प्रतिष्ठान संस्कृति विभाग र प्रगतिशील लेखक संघको आयोजनामा गत शनिबार ' प्रगतिशील लेखन र सांस्कृतिक रुपान्तरण' विषयक विचारगोष्ठी आयोजना गरिएको थियो । पूर्व उपप्रधानमन्त्री तथा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीको प्रमुख आतिथ्यमा भएको गोष्ठीमा प्रगतिशील विचारधाराका लब्धप्रतिष्ठित व्यक्तित्वहरुको सहभागिता रहेको थियो । प्रगतिशील लेखक संघका अध्यक्ष प्रा.डा.जिवेन्द्रदेव गिरीको अध्यक्षतामा सम्पन्न विचारगोष्ठीमा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्राज्ञ जगमान गुरुङले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । नेकपाका पोलिटब्युरो सदस्य तथा संस्कृति विभाग प्रमुख मणि थापा, प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव जगतप्रसाद उपाध्याय, नेकपाका केन्द्रीय सदस्य खगेन्द्र राईले गोष्ठीमा मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा संगीत नाट्य प्रतिष्ठानका कुलपति रायन श्रेष्ठ, ललितकला प्रतिष्ठानका कुलपति के के कर्माचार्य, प्रलेसका **बाँकी ८ पेजमा**

**समय सन्दर्भ**

## प्रधानमन्त्री रोजगार कार्यक्रम निष्प्रभावी

■ **गोविन्द विश्वकर्मा**



प्रधानमन्त्री रोजगार कार्यक्रममा अहिले युवायुवतीहरु संलग्न भएको पाइन्छ । सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी ढङगबाट सञ्चालन गर्न सकिराखेको छैन । प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न युवायुवतीलाई बाटामा छोडेका गाइबस्तु भेला गर्ने, मन्दिर सफा गर्ने, बाटाको झार उखेल्ने जस्ता अर्थहिन काममा लगाएर युवायुवतीमा भएको सीप तथा क्षमतालाई बेवास्ता गरिएको बुझिन्छ ।

यसरी रोजगार कार्यक्रमको नाममा युवा जनशक्तिको अवमूल्यन गर्ने काम निन्दनीय छ । यही कार्यक्रमको लागि १३ अर्ब ऋण लिन लागेको विषयले केही आसा जगाएको भए तापनि यसबाट राम्रै प्रतिफल आउने विषयमा शंका छ ।

हातमा डिग्रीको सटिफिकेट बोकेर रोजगारीका लागि भौंतारिरहेका लाखौं युवायुवतीहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारीमा लगाउने सरकारको कार्य त राम्रै हो तर अनुत्पादक काममा लागाउनु चाहिँ बेकार छ । यसरी अनुत्पादक काममा युवायुवतीहरुलाई अलमल्याउनुभन्दा देशमा बाहिरी लगानी भित्र्याएर उद्योगभन्दा खोल्ने र युवाहरुलाई रोजगार दिने वातावरण बनाउनतिर सरकारले ध्यान दिन जरुरी छ ।

युवाहरुमा भएको सीप क्षमता योग्यता तथा दक्षताको आधारमा उनीहरुलाई रोजगारीमा लगाउन सरकारले ध्यान दिनु उचित होला । सरकारले ऋण लिएर भए पनि कुनै न कुनै चिजमा देशलाई निर्भर हुने किसिमले उत्पादनका काम गरेर त्यसमा युवाहरुको क्षमताको सदुपयोग गर्न सकिन्छ । सरकारले व्यवसायिक कृषि उत्पादन, गाउँगाउँका गोरेटो निर्माण, वृक्षरोपण, बगैंचा निर्माण लगायतका कार्यमा युवाहरुलाई लगाउन आवश्यक छ ।

विदेशी भूमिमा ६० डिग्रीको तापक्रममा पिल्सिँदै लाखौं युवाहरुले आफ्नो श्रमलाई बेचिराखेका छन् । आफ्नो योग्यता र क्षमताले विदेशी कम्पनीहरुलाई नेपाली युवाहरुले आज धनी बनाउने काम गरिरहेका छन् । घामपानी दुःख पीडा सहेर उनीहरुले विदेशमा दुःख गर्नुको सट्टा सरकारले नेपालमै बसेर युवाहरुलाई आफ्नो श्रम बेच्ने वातावरण बनाउन आवश्यक छ ।

प्रधानमन्त्री रोजगार होस् राष्ट्रपति रोजगार होस्, मन्त्री रोजगार होस् या उपराष्ट्रपति रोजगार जे नाम राखे पनि काम चाहिँ प्रभावकारी र उत्पादनमूलक हुनुपर्छ । अनिमात्र कार्यक्रमको सार्थकता रहन्छ । गत वर्षबाट चलेको यो प्रधानमन्त्री रोजगार कार्यक्रममा करिब ३ अर्ब खर्च भएको समाचार बाहिर आयो । खै त यसको नतिजा के आयो ? ३ अर्ब खर्च गर्दा सरकारले भनेजस्तो कति जनशक्ति उत्पादन भयो त ? यसपालि ५ अर्ब बजेट छुटयाएको छ रे जनशक्ति उत्पादन चाहिँ शून्य हुने अनि बजेट चाहिँ बढाउँदै लैजाने ?

केही मानिसहरुलाई **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल,
प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक,
प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई,
प्रा.डा. मुकुन्द रञ्जित, श्री युवराज भुसाल, श्री सुष्मा वज्राचार्य,
ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रण गर

हरेक वर्ष चाडवाडको समयमा मूल्यवृद्धिले आकाश छुने गर्छ । त्यसमा पनि यस वर्ष मूल्यवृद्धि अचाक्ली रूपमा भइरहेको छ । भारतबाट आइरहेको हरियो तरकारीमा अत्यधिक विषादी प्रयोग भएको पाएर नाकामा कडाइ हुन थालेपछि त्यसको असरले फलफूल तथा तरकारीको मूल्यवृद्धि अत्यधिक हुन पुग्यो । हाम्रो आन्तरिक उत्पादनले मात्र उपभोक्ताको माग धान्न सकिरहेको छैन । खुला सीमा र व्यापारीहरूको सहज पहुँचका कारण भारतबाट हाम्रो आधारभूत आवश्यकताका सबै वस्तुहरू भित्रिने गरेका छन् । विषादीयुक्त तरकारीदेखि घातक रसायन मिसाएका माछासम्म भारतबाट भित्रिएपछि त्यसले एकातिर जनस्वास्थ्यमा गम्भीर असर पैदा गरेको छ भने अर्कोतिर परनिर्भरता चरम रूपमा बढाएको छ ।

हाम्रो देशलाई कृषिप्रधान भनिए तापनि कृषिमा आत्मनिर्भर बन्न सकेको छैन । खेतीयोग्य र राम्रो उत्पादन हुने काठमाडौं उपत्यकाको भूमि सहरीकरणले पूरै मासिएको छ । विगतमा काठमाडौं उपत्यकाको कृषि उत्पादनले यहाँका जनतालाई धान्ने गरेको थियो । लटरम्म भएर पहेंलपुर धान फल्ने खेतहरू अहिले घरले भरिएका छन् । अर्गानिक तरकारी उत्पादन हुने बारी मासिएका छन् । त्यसैले उपत्यकाको पुरानो चरित्र पुरै फेरिएर परनिर्भर बन्न पुगेको छ । त्यसैगरी तराईका उर्वर भूमि पनि घडेरी प्लटिङले गर्दा मासिएका छन् । पहाडका भिराला गरा, पाखा स्याहार गर्ने जनशक्तिको अभावमा धेरैजसो बाझिएका छन् । पहाडको चरित्र समेत पूरै फेरिएको छ । परम्परागत खाना र खाजाको ठाउँ आयातित वस्तुले लिएको छ । आफ्नो देशमा उत्पादन नभएपछि महँगी समेत अस्वाभाविक हुने नै भयो । त्यसमा पनि हाम्रो प्रशासनिक यन्त्र फितलो भएका कारण कालाबजारी, बिचौलियाहरूले प्रचुर मात्रामा लाभ लिइरहेका छन् । कृषिजन्य वस्तु बिचौलिया र कलाबजारीकै कारण उपभोक्तासम्म पुग्न महँगो पर्ने गरेका छन् ।

नेपालीहरूको महान चाडका रूपमा रहेको दशैं नजिकै आइरहेको छ । यो पर्वमा मासुको अत्यधिक खपत हुन्छ । अहिले बजारमा खसीको मासु प्रतिकेजी १३०० सम्म पर्ने गरेको छ । दशैंमा १५ सयसम्म पुग्छ भनेर अहिल्यै मासु पसलेहरू उपभोक्ता तर्साउन थालिसकेका छन् । मासुको मूल्य यसरी किन अकासियो यसमा सरकारको सम्बन्धित निकायले अविलम्ब ध्यान पुऱ्याउन जरूरी छ । खाद्यान्न, तेल, मसला सबै चिजहरू महँगा भएका छन् । उपभोक्ताहरूसँग क्रयशक्ति छैन । कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूको तलबवृद्धि गरिए पनि जनतालाई करको भारी मात्र बोकाइएको छ । आम जनतालाई राहत पुग्ने गरी सरकारले मूल्य नियन्त्रणको योजना अघि ल्याउनुपर्छ । यसैगरी परनिर्भरता हटाउन कृषि क्षेत्रको विकासमा जोड दिन आवश्यक छ । जनतालाई महँगीबाट बचाउने कार्यक्रम अविलम्ब घोषणा गर्नेतर्फ सरकारको ध्यान जान जरूरी छ ।

# समाजवादी प्रणालीमा मजदुर, किसान र पेशागत समूहहरूको व्यवस्थापन : अनुभव कोरियाको

**सुरेन्द्र ढकाल**











गत साता मैले प्रजग कोरियाको शिक्षा प्रणालीबारे लेखेको थिएँ । यस पटक समाजवादी राज्यव्यवस्थामा कृषक, मजदुर र विभिन्न पेशागत समूहलाई कसरी व्यवस्थित गरिंदो रहेछ भन्नेबारेमा आफूले देखेको र बुझेको कुरा लेख्दैछु ।

अगष्ट ९ तारिखको बिहान ९ बजे हामीलाई साङओन सिमेन्ट उद्योग देखाउन लगियो । कोइला, क्लिन्कलदेखि चुन ढुंगासम्म आफ्नै देशमा उपलब्ध हुने हुँदा सिमेन्टमा कोरिया पूर्ण रुपमा आत्मनिर्भर रहेछ । समाजवादी देश भएको कारण यस्ता उद्योगहरु सबै राज्यद्वारा नै सञ्चालन हुँदा रहेछन् । स्थापनाकालमा तत्कालिन पूर्व जर्मनीसँगको सहकार्यमा यो उद्योग सन् १९८९ मा स्थापना भई वार्षिक ४० लाख टन पोर्टलैण्ड सिमेन्ट उत्पादन गर्ने यस उद्योग कोरियाको सबैभन्दा ठूलो सिमेन्ट उद्योगभित्र पर्दो रहेछ ।

हामीलाई उद्योग परिसरमा उद्योगका चिफ इञ्जिनियरले स्वागत गर्नुभएको थियो । छलफलका क्रममा सिमेन्टमात्रै नभई कोरिया कोइला, फलाम, चुनढंगा, म्याग्नेसाइट तामा, सुन, निक्कल, कच्चा पेट्रोलियम, स्टिल र जिंक उत्पादनमा पनि अग्रणी रहेको र यस्ता वस्तुहरुमा कोरिया आत्मनिर्भर मात्रै नभई चीनमा ठूलो परिमाणमा निर्यात पनि गर्ने कुरा थाहा लाग्यो । खुला र उदार अर्थतन्त्र अपनाउने भन्दै मित्रराष्ट्रहरुले बनाइदिएका उद्योगहरु कौडीको मूल्यमा बेचेर देशमा आम रुपमा बेरोजगारको समस्या सिर्जना गर्ने संसदीय ब्यवस्था र त्यसको कारण देशका युवायुवतीहरु विदेशमा कठिन, खतरनाक, फोहोरी र हीनभाव लिई काम गर्नुपर्ने र तिनैले हुण्डी गरी पठाएको विदेशी मुद्राले आयात गरी उठाएको भन्सार राजस्वले देश चलाउनुपर्ने बाध्यता भएको देशको हामीजस्ता नागरिकले समाजवादी कोरियाले गरेको औद्योगिक विकास देखेर नतमस्तक भयौं ।

उक्त सिमेन्ट उद्योग अवलोकनपश्चात् हामीलाई जाङछोन कृषि सहकारी फार्म अवलोकन गराउन लगियो । राजधानी प्योङयाङ नजिकैको सादोङ जिल्लामा अवस्थित यो कृषि फार्म देशकै नमुना कृषि फार्म रहेछ र यसै फार्मले गरेको सफलताको आधारमा कोरियाका अन्य शहर नजिकका कृषि क्षेत्रमा यस्तो सहकारी फार्म विस्तार गर्दै लगिएको हामीलाई बताइयो ।

यस फार्मभित्र ४०० कृषक परिवारको लागि सौर्य ऊर्जा जडित आवास गृह बनाइएको रहेछ । हामीलाई त्यहाँ पुग्दा त्यहाँकी प्रमुख महिला कार्यकारीले स्वागत गर्नुभएको थियो । सर्वप्रथम हामीले त्यहाँ कृषकका ५ वर्षमुनिका बालबालिकाहरुका लागि संचालित दिवा स्याहार केन्द्र हेऱ्यौं । ज्यादै व्यवस्थित रुपमा संचालित उक्त केन्द्रमा बालबालिकाहरु निःशुल्क दिवा खाजा, स्वास्थ्य तथा सरसफाइ सेवा पाउँदा रहेछन् ।

५ वर्षमाथिका कृषकका छोराछोरीहरुको लगि दिवा स्यहार केन्द्रकै अर्को छेवमा प्राथमिक विद्यालय रहेछ । फार्मको बीचमा पौडीपोखरी सहितको सामुदायिक केन्द्र रहेछ जहाँ कृषक परिवार पुरै आएर नुवाइ धुवाइ गरी समूहमै दिवा खाना खाँदा रहेछन् र बेलुकी खेती किसानी सकिएपछि आफ्ना छोराछोरीलाई लिएर उनीहरु आफ्नो आवास गृहमा जाँदा रहेछन् । सामुदायिक भवनमा हामी पुग्दा हामीले कृषकका परिवारहरु रमाई रमाई पौडी खेलिरहेको देख्यौं ।

त्यसैबीच ढोकाको छेवमै उसिनेको मकैका घोगा, खरबुजा, अंगुर सजाइएको टेवल रहेछ । हामी त्यहाँ गई हामीले पनि त्यहाँको उत्पादन चाख्यौं । त्यहाँ बस्ने कृषकहरु आफ्नो उत्पादनमा आत्मनिर्भर मात्रै नभई त्यहाँको उत्पादनले राजधानी प्योङयाङ निवासीहरुको खाद्य, फलफूल, तरकारी र अन्य अनाजको आवश्यकता पनि पूर्ति गर्दो रहेछ । हाम्रो देशमा जस्तो विचौलियाको बिगबिगी नभएको कारण राजधानीबासीहरुले पनि सस्तोमा जैविक स्वच्छ खाना खान पाउँदा रहेछन् । समाजवादी देशमा कृषकहरु कति खुसि हुँदा रहेछन् भन्ने उदाहरण पनि त्यहाँ देखियो । बेलुका मनोरञ्जन गर्न, बैठक गर्न र सांस्कृतिक कार्यक्रम गर्न भनेर शिशु दिवा स्याहार केन्द्रकै अगाडि ठूलो हल बनाइएको रहेछ । कृषकहरुलाई बनाइएको घर हस्तान्तरण कार्यक्रम सर्वोच्च नेता किम जोङ उन आफैं आएर गरेका रहेछन् र त्यसबेला उनले हरेक परिवारलाई एक टेलिभिजन सेट, पकाउने र खाने भाँडाकुँडा अनि परिवारका महिला सदस्यको लागि सिंगारपटारको साधन समेत पनि वितरण गरिएको हामीलाइ बताइयो ।

फर्कने क्रममा हामीले हाम्रो गाइडलाई राजधानी प्योङयाङमा रहेको सयौं गगनचुम्बी भवनहरुमा को को बस्छन् भनेर सोधेका थियौं । त्यहाँ वैज्ञानिक, प्राध्यापक, शिक्षक, सरकारी कर्मचारी, डाक्टर वकिल लगायतका विभिन्न पेसाका दक्ष व्यक्तिहरु बस्ने र उनीहरुले सो सुविधा राज्यबाट ज्यादै न्यूनतम शुल्कमा पाउने गरेको बताए । हाम्रा गाइड रि म्योङ आफैं पनि प्योङयाङ विश्वविद्यालयका अंग्रेजीका प्राध्यापक रहेछन् र उनको अपार्टमेन्ट पनि त्यस्तै एक गगनचुम्वी भवनमा रहेको उनले हामीलाई देखाए ।

विश्वका विभिन्न कम्युनिस्ट शासित देशको झण्डामा हँसिया हथौडा रहने गरेको हामीले देखेका थियौं तर कोरियाको झण्डामा भने हँसिया र हथौडाको बीचमा लेख्ने (ब्रुस) कलम पनि रहेछ जस्को अर्थ किसान मजदुर सँगसँगै वैज्ञानिक र विभिन्न पेसाका दक्ष व्यक्तिको सहकार्यबाट मात्रै देश आत्मनिर्भर हुँदोरहेछ भन्ने हामीले स्पष्टै देख्यौं अनि बुझ्यौं पनि ।



# हाम्रा सबै सांसदज्यूहरूसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

आधुनिक राजा पनि नेता नै हुनुपर्ने समयले निर्देशन दिएकै छ । अर्थात् जनहित नै गर्नुपर्ने त नेता शब्दले नै जनाउँछ । नेपालमा भने नेता पुष्पलाल आफ्नै कम्युनिस्टहरु टुक्रा टुक्रा देखेर दिक्क भएरै मरे । कांगेसले त आफ्नै नेतृत्वमा पुरानो २००७ को संविधानसभा लिन गए जस्तो गऱ्यो २०६१ म । उसैको इतिहास तथा वर्तमान राम्रो भएको भए २०५२ जन्मने नै थिएन ।

यी सबै गन्थन गर्नुपर्ने मूल कारण २०६४ चैत २८ गतेदेखि २०७२ असोज १ सम्म संविधानसभाका १२०० सांसदले लत्याएर जागिर खाएरै हो । तोकिएको समयमा काम गरेनन् र फेरि म्याद थप्न पऱ्यो । धन्य २०७२ असोज ३ मा संविधान निस्कियो । त्यो पनि र्मनिरपेक्षता भिराएर मात्र । अहिले पनि देशभरका धेरै सांसद सेवाभावहीन नै देखिए 'सेवा हि धर्म' मानेको भए लाखौं हजारौं बेरुजु आउँदै आउँदैनथे ।

अहिले कामका चाडका चाङ छन् । यी गरिएनन् भने हामी नेपाली गरिबीमै सयौं वर्षदेखि जसरी रहयौं त्यसरी रहन बाध्य हुनेछौं । अरु ठूलो कुरो दुःखैमा पनि संरक्षित गरिएको नेपालको सार्वभौमिकतामा विस्तुर मात्र चुकियो भने ग्रहण लाग्नेछ । त्यो ग्रहण अरुबाट भन्दा हाम्रो जनसंख्या नीतिकै कारण हामीले आफ्नै निधारमा कालो पोत्ने छौं । के यस्तो बखतमा पनि अधिकांश सांसद जागिर खाए जसरी बस्नुहुन्छ त ? यस्तो गर्ने हुँदैन । सांसदहरुमा सेवाभाव नै चाहिन्छ । त्यो गर्न नसके सांस छोडी व्यापार गर्नुभए हुन्छ । नेता हुनु भाग्यले पाउनुभएको छ युग युगसम्म तपाईंको नाम सबैले सम्झनैपर्छ ।

बर्दियामा एक ५५ वर्षीय सज्जनले ठूलै परिमाणमा पशुपालन गर्नुभएको रहेछ । उहाँको दूध नारायणघाटसम्म पनि आउने सुनियो तर त्यो दूध प्लास्टिक बन्द गर्न पाइएन भन्ने गुनासो रहेछ । त्यस्तै कुनै विदेशबाट फर्किआएका पशुपालक फेरि विदेशै जान्छु भन्न पनि लागेका छन् । हाम्रै रेल्वेमा सरकारले जत्ति धाक लगाए पनि पूर्वदेखि पश्चिमसम्म समान उत्साह देखिएन । यी सबैको कारण गाउँदेखि केन्द्रसम्म सरकारले समन्वयमा काम गर्न सकेको छैन भन्ने प्रस्ट नै भयो । गौरवको योजनामा स्थानीय गाविसले कानुन बमोजिम सुविधामा मिल्ने गरी गिटी बालुवा दिएनन् भने केन्द्रमा सरकार चलाएर बस्नु बेकार छ ।

ठूला उद्योगको स्थायित्वका लागि पशुपालनको छेउमै धूले प्रांगारिक मल बनाउने गुणस्तरीय उद्योग खोल्ने काममा केन्द्रले बैंक आदिलाई सुविधात्मक ऋण आदि दिन स्थानीय बैंकले चुक्नु हुँदैन भनी दिनैपर्छ । बरु बैंकको ब्याज केही अप्रत्यक्ष अनुदान दिए नै हुन्छ ।

किसानहरुलाई पनि सुलभ ब्याजमा यसै तरिकाले ऋण, यन्त्र र नगद प्राप्त हुँदा मात्र सकारात्मक प्रभाव पर्छ । सज्जन उद्योगी भगाउनु नै हुन्न । अरु पनि विदेशबाट आउने वातावरण केन्द्रदेखि गाउँसम्मको समन्वयमै हुनुपर्छ । त्यस्तो समन्वय अभावै देखियो रेल्वे कृषि पशु आदिमा । यसैले सरकारले आलोचना खेपिरहेछ ।

शिक्षातर्फ देशमा धेरैभन्दा धेरै बोलिने १०।१२ भाषाको बहुभाषिक कोश राज्यले आफ्नै लगानीमा सक्दो छिटो बनाइदिनुपर्छ । त्यसमा थप स्थानीय शब्द विद्वत वर्गको सफलता अवाञ्छनीय प्रभाव नपर्ने गरी थपिँदै जाला तैपनि रेखदेख स्वदेशको मूल प्रज्ञा प्रतिष्ठानले गरिरहनुपर्छ । शिक्षा न्याय आदिमा दलीय हस्तक्षेप हुन दिनु हुँदैन । कर्मचारी वर्गमा पनि यस्तै हुनुपर्छ ।

नागरिकतातर्फ अति तिखो दृष्टि विदेशीसँग विवाह गरी जाने नेपाली चेलीहरुमा रहनैपर्छ । त्यस्तो घटना हुनासाथ नेपाली नागरिकता हटाउन सिफारिस स्थानीयबाटै वा अन्यबाट लिई प्रामाणिकताका लागि नेपाल सरकारले प्रत्येक वर्ष लगत प्रकाशन गर्नैपर्छ । किनभने नेपाली नागरिकता भएका चेलीको माग अहिले दक्षिण भारत र उत्तर चीनमा पनि देखियो । प्रत्येक नेपाली नागरिकता भएका विदेशीसँग विवाह गर्नेसँग उनका पति सासू-ससुरा आदि २० जना पनि भारतीय तर्फबाट आएकै देखिएकै छ । चीनमा पनि यस्तै होला भनी सम्झनुपर्छ ।

नेपालमा यस्तो महत्वपूर्ण कुरामा कानुनी र प्रशासकीय व्यवस्था मिलाइएन र नेपाली जनसंख्या विदेशीबाटै भरिँदै गयो भने आफ्ना विरुद्ध आफैं नेपाली हुनेछौं । यसैले प्रत्येक जनप्रतिनिधिले यस्तो कुरा लुकाइराखेमा आफैं पनि उचित सजाग भोग्न तयार कानुन बनाउनै पर्नेछ ।

एउटा कुरा धेरै पटक लेखिसकेपछि फेरि पनि लेखौं । चुरेमा गैरकानुनी र अनावश्यक बस्ती उत्खनन हुन दिनु पनि सम्पूर्ण तराईसहित नेपाल नै मरुभूमिकरण गर्न सहयोग हामी सांसदले नै गरेको ठहरिनेछ । यसैले यस्तो कुरा प्रत्येकमा टोकन रुपमै भए पनि सांसदले जरिवाना तिर्नै कानुनी परम्परा बसेको भोलिपल्टदेखि नै सम्पूर्ण स्वदेशभरिको चुरे क्षेत्र हराभरा हुनेछ । चोरी हुनेछैन । चुरेका कुनै पनि प्राकृतिक स्रोत साधनहरुको नै सकारात्मक प्रभाव वन, वन्यजन्तु, मानव र नेपालमातामै पर्नेछ । नेपाल आमाको मुख उज्यालो हुनेछ ।

# मैले देखेको एक सय एघारौं विश्व सम्पदा:

# फ्रेडरिख हाफेन

सुरेन्द्र ढकाल



बोडेन जेको किनारमा रहेको फ्रेडरिखहाफेनको सहर





च्जेप्लिन जहाजको हेङ्गर जहाँ विश्वयुद्धताका दास कामदार ल्याएर राखिएको थियो



फ्रेडरिखहाफेनमा क्रुज सफारीको क्षण




फ्रेडरिखहाफेन सहरमाथि उडिरहेको च्जेप्लिन हवाईजहाज




फ्रेडरिखहाफेनको दरबारक्षेत्र



फ्रेडरिखहाफेनको भित्री सहरको एक छेउमा सुरेन्द्र सन् १९९० अप्रिलमा



फ्रेडरिखहाफेनको पुरानो भित्री सहर

वोडेन जे (ताल) को टापु शहर लिण्डाउ अवलोकन गरिसकेपछि हाम्रो त्यो दिन होटलमा गई खाना खाई रात बिताउने कार्य भयो । भोलिपल्ट हामी मध्यकालिन भुर्टेमवर्ग अधिराज्यको राजधानीको नामले प्रख्यात ताल नजिकैको अर्को शहर फ्रेडरिख हाफेन अवलोकन गर्नतर्फ लाग्यौं । यो शहर बोडेनजेको उत्तरी किनारमा रहेको औद्योगिक शहर रहेछ ।

स्वीट्जरलैण्ड र अष्ट्रियाको सीमा छुने यो शहरको स्थापना सन १८११ मा भएको रहेछ । नेपोलियन युद्धताका नेपोलियनको पक्षमा रहेको यो अधिराज्य अष्ट्रिया स्वीटजरलैण्ड जर्मनीको साझा व्यापार केन्द्र र स्वतन्त्र बन्दरगाहको रुपमा विकसित भएको रहेछ । पहिलेको सानो शहर वुखहोर्न विस्तार हुँदै जाँदा फ्रेडरिखहाफेन बन्न पुगेको कारण अहिले पनि त्यहाँको खड्ग निशानमा वुखहोर्न नै लेखिएको रहेछ । यही बुखहोर्नको विहारलाई विस्तार गरी सिंगारेर तत्कालिन भुर्टेमवर्ग अधिराज्यको राजाको गृष्मदरबार बनाइएको रहेछ । राजा विलियम प्रथमले आफनो शासनकालमा यस शहरलाई निकै विस्तार गरी बन्दरगाहको लागि वाफले चल्ने पानीजहाज खरिद गरेका रहेछन् ।


दरबारको वरिपरि भाइभारदार र उच्च पदस्थ अधिकारीहरुले पनि आआफ्ना दरबारहरु बनाउँदै जाँदा यो यति सुन्दर शहरको नाममा पुरै युरोपभर यति विख्यात हुन पुगेछ कि रुसका राजा जार अलेक्जेण्डर द्वितीयले समेत यो शहर अवलोकन गर्न आएका रहेछन् । पछि सन १८४७ मा राभेनवुर्गको बन्दरगाहसम्म पुग्ने जलमार्ग बनेपछि त यो शहर युरोपकै पर्यटकीय गन्तव्य बन्न पुगेको रहेछ । पछि फ्रान्को प्रसियन युद्धमा जर्मनीको जितपछि यो शहर जर्मन साम्राज्यमा गाभिएको रहेछ । १९औं शताब्दिमा फर्डिनान्ड फोन च्जेप्लिनले ठूलो हवाइजहाज (एअर बस च्जेप्लिन) को कारखाना नै यस शहरमा स्थापना गरी सन १९०० को जुलाई २ तारिखका दिनमा यहीबाट च्जेप्लिन उडाएपछि प्रथम विश्व युद्धअगावै यो शहर उड्डयनको लागि विश्व प्रख्यात बन्न पुगेको रहेछ ।

अहिले पनि यस शहरमा रहेको च्जेप्लिन म्युजियम हेर्न विश्वका प्रायः सबैजसो देशहरुबाट पर्यटकहरु यहाँ आउँदा रहेछन् । प्रथम विश्वयुद्धमा जर्मनीको हार भई सम्पन्न भएको भर्साइको सन्धिपश्चात पनि यहाँको राजदरबार भने शाही परिवारकै सम्पत्तिको रुपमा दर्ज भएको रहेछ । प्रथम विश्वयुद्ध सकिनासाथ मेवाख, डोरनियर जस्ता विश्वविख्यात हवाईजहाज निर्माण कम्पनीहरु यहाँ आई आआफ्ना हवाईजहाज कारखाना स्थापना गरेका रहेछन् । नाजी हिटलरको पालामा त नेदरलैण्ड, जापानका उड्डयन कम्पनीहरुले समेत यहीँ आई अआफ्ना कारखाना स्थापना गरेका रहेछन् ।

दोस्रो विश्वयुद्धताका यस शहरमाथि शत्रुपक्षले आम वम वर्षा गरे तापनि जर्मनीका विभिन्न शहरबाट दास कामदार ल्याई सुरुङ खन्न लगाएर त्यही सुरुङमा हवाईजहाज कारखाना लगी राखेर कारखानालाई वम वर्षाबाट जोगाएका रहेछन् । सन १९४४ को अप्रिल २८ तारिखका दिन गरिएको वम वर्षाले यस शहरको पुरानो भित्री भाग पुरै ध्वस्त भएको रहेछ ।

युद्धपश्चात पश्चिम जर्मनीको प्रादुर्भाव भएपछि यो शहर फ्रेन्च सैनिक अधिनस्थ क्षेत्रभित्र पर्न गएको रहेछ र यहाँ भएका सबै हवाईजहाज कारखानालाई जहाज उत्पादन गर्न निषेध गरिएको रहेछ । हवाईजहाज उत्पादन गर्ने विश्वकै धनी शहरको रुपमा चिनिएको फ्रेडरिख हाफेनको यो शहरमा युद्धपछिका वर्षहरुमा अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजनाको अतिरिक्त अन्तर्राष्ट्रिय साइकल, मोटरसाइकल, कार र्‍याली तथा संगीत महोत्सवको पनि आयोजना हुन शुरु भएको रहेछ । गृष्म ऋतुमा क्रुज (पानी जहाज) सफारीको मजा लिन ठूलो संख्यामा पर्यटकहरु यहाँ आउँदा रहेछन ।

# २१. पार्टीको दोस्रो महाधिवेशन-२




■ शम्भुराम श्रेष्ठ

दोस्रो महाधिवेशनले जनगणतन्त्रको लाइनलाई पारित गरेर पार्टीको न्युनतम कार्यक्रमलाई पूर्णता प्रदान गर्‍यो । सैद्धान्तिक रुपले त्यो एउटा महत्वपूर्ण उपलब्धि थियो र सोही अनुरुपको रणनीतिबारे पनि मैले प्रस्ताव राख्नुपर्थ्यो, तर मैले राखिन अथवा भनौं राख्नै सकिन । कारण, त्यो आवश्यकताबारे मैले सोच्दै सोचिन । त्यो कुरा मेरो मस्तिष्कमा नै चढेन, जबकि त्यस अनुरुपको रणनीतिबिना महाधिवेशनद्वारा पारित जनगणतन्त्रको लाइन वस्तुगत यथार्थतामा परिणत हुनै सक्दैनथ्यो र न्यूनतम कार्यक्रम कागजमा मात्रै सीमित हुन जाने पक्का थियो । त्यो मेरो ठूलो राजनीतिक कमजोरी थियो, जसलाई अरु कामरेडहरुले महसुस गरेको विल्कुलै देखिएन । संगठनात्मक मामलामा खासगरी पार्टी सदस्यहरुप्रति अपनाउनुपर्ने नीतिको सम्बन्धमा त हामीहरु अझै बढी कमजोर थियौं । एक किसिमले बुद्धु नै थियौं । हामीहरु पार्टी कामरेडहरुबारे सोच्दा विचार गर्दा र उनीहरुलाई पार्टीको कार्यभार सुम्पँदा उनीहरुको राजनीतिक ट्रेण्डलाई आधार बनाएरभन्दा पनि 'साथीभाइको अवधारणा अनुसार सुम्पने गर्थ्यो यो विल्कुलै अराजनीतिक प्रकृतिको थियो । त्यही नै कारणको फलस्वरुप, हामीहरुले नयाँ पार्टी केन्द्रीय कमिटीको निर्वाचन गर्दा संवैधानिक राजतन्त्रको पक्षधर डा.केशरजंग रायमाझी र उनकै सहयोगीहरुको बहुमत हुने गरी केन्द्रीय कमिटीको निर्वाचन गर्नपुग्यौं । त्यस स्थितिमा डा.केशरजंग रायमाझीको महासचिव चुनिनु स्वाभाविकै थियो र चुनिए पनि । पोलिटब्युरोमा का.पुष्पकमल र ममात्रै त्यस ट्रेण्डको विपक्षमा थियौं । डा.माझीहरुको हातमा पार्टी केन्द्रीय कार्यालय पर्न गएको लगत्तै महाधिवेशनका दस्तावेजहरु सबका सब गायब भए । आजसम्म तिनको जिम्मामा गएका ती दस्तावेजहरु र कागजातहरुको पत्तोपत्तो छैन ।

नारायणहिटी राजदरबारमा आयोजित राजनीतिक सम्मेलनले संविधानसभाको सवाललाई परित्याग गरेको ५-६ महिना भइसक्दा पनि राजाबाट संविधान नदिएको र संसदको निर्वाचन र तिथि नतोकिएकाले अत्तालिएका नेपाली कांग्रेस, नेपाल प्रजा परिषद् र नेपाल राष्ट्रिय कांग्रेसका नेतृत्व गण संसदीय निर्वाचनको तिथि मिति तोकियोस् भन्ने मागलाई अघि सार्दै भद्र अवज्ञा आन्दोलन गर्ने घोषणा गरे । दोस्रो पार्टी महाधिवेशनले उल्लिखित राजनीतिक सम्मेलनले संविधानसभाको सवाललाई परित्याग गर्न गरेको निर्णयलाई भर्त्सना गर्दै विरोध गर्ने प्रस्ताव पारित गरेको भए तापनि डा.केशरजंग रायमाझी र उनको सहयोगी गुटले पार्टीको निर्णयविरुद्ध संविधानसभाको विपक्षमा आफूहरुलाई उभ्याउन पुगे । उनीहरु पनि बाहिरबाट नेपाली कांग्रेस, नेपाल प्रज्ञा परिषद र राष्ट्रिय कांग्रेसले सुरु गरेको भद्र अवज्ञा आन्दोलनमा सामेल हुन गए । यसरी डा. रायमाझी गुटले पार्टीको निर्णयविरुद्ध गई संविधानसभाको सवाललाई परित्याग गरेको हुनाले, नेकपाको उत्तर गण्डक प्रान्तीय कमिटीले (जसको सचिव म थिएँ) रायमाझी गुटको बहुमत रहेको केन्द्रीय कमिटीसँग सम्बन्ध विच्छेद गर्ने निर्णय गरी देशभरका पार्टी सदस्यहरुलाई त्यसको जानकारी दिने निर्णय पनि गर्‍यो ।

एक दिन साँझ ७ बजेतिर म एउटा आमसभा सकेर वसन्तपुर हुँदै घर फर्कँदै थिएँ । वसन्तपुरस्थित पार्टीको केन्द्रीय कार्यालयमा बत्ती बलिरहेको देखेर मनमा खुलदुली लाग्यो । अनि म सरासर माथि उक्लिँदै सबभन्दा माथिल्लो तलामा पुगेँ जहाँ पार्टीको केन्द्रीय कार्यालय थियो । म कार्यालय कोठाभित्र पसें । पार्टीको उत्तर गण्डक प्रान्तीय कमिटीले केन्द्रीय कमिटीसँगको सम्बन्ध विच्छेद गरेका मलाई देखेर त्यहाँ बसिरहेका डा.रायमाझी, डीपी अधिकारी र एस.कमरशाहलाई एक किसिमले निक्कै आश्चर्य लाग्यो र उनीहरुले 'आउनोस् आउनोस्' भनी भन्न थाले । मैले 'बेटाइममा पार्टी कार्यालयमा बत्ती बलिरहेको देखेर आएको' भनी भनेँ र त्यसरी बत्ती बलिराख्नुको कारण के हो भनी सोधें । उनीहरु तीनै जनाले एकैसाथ जवाफ दिए- 'पत्रकार सम्मेलन गर्न लागेको' हुन विषयलाई लिएर गर्न लागेको ?' भनी मैले थप प्रश्न गरेँ । उनीहरुले जवाफ दिँदै भने- 'राजाले संविधान दिने र संसदको चुनाव गराउनुमा ढिलाइ गरिरहेको र चाँडै गराउने छाँट नदेखिएको हुनाले त्यस कुराको विरोध गर्न र राजालाई दबाब दिनका लागि पत्रकार सम्मेलन गर्न लागेको हो ।' अनि मैले उनीहरुको यो भनाइको आलोचनात्मक टिप्पणी गर्दै 'संविधान सभाको परित्यागलाई पचाउनका लागि पनि राजाले आफैंले कबुल गरेअनुसार चाँडै नै संविधान दिनैपर्छ र दिनेछन् र साथै संसदको निर्वाचनको मिति पनि तोकिदिनेछन् । यसमा तपाईंहरुले विल्कुलै शंका गर्नुपर्दैन र ढुक्क बसे हुन्छ । त्यसैले पत्रकारहरुलाई अब चाँडै नै राजाले संविधान दिनेछन् र चुनावको मिति घोषणा गर्नेछन् भनेर भनिदिनोस् भनी भने । उनीहरुले मेरो त्यस भनाइको विल्कुलै प्रतिवाद गरेनन् । सम्मेलन सुरु हुन लागेपछि मैले फेरि डा.माझीको कनमा सानो स्वरले त्यही कुरा दोहोर्‍याएर भनेँ । डा.रायमाझीले पनि पत्रकारहरुलाई मैले भनेअनुसार नै 'राजाले चाँडै नै संविधान दिनेछन् र साथै आम निर्वाचनको मिति पनि घोषणा गर्नेछन्' भनी भने । त्यसको केही दिनपछि राजा महेन्द्रले २०१५ सालको संविधान दिनुको साथसाथै आम निर्वाचनको मिति पनि घोषणा गरे । यो देखेर डा.रायमाझीहरु छक्क परे । केही दिनपछि भेट हुँदा डा.रायमाझीले मसँग राजाले संविधान र आम निर्वाचनको मिति घोषणा गर्नेछन् भन्ने कुरा तपाईंले कसरी थाहा पाउनुभयो ? सोधिहाले । यो कुरा मैले कुनै स्रोतबाट थाहा पाएको होइन । देशमा विद्यमान राजनीतिक गतिविधिको विश्लेषण गरेर अन्दाज गरेको हुँ । यो त कुनै पनि सहजबुद्धि हुने र देशको राजनीतिक गतिविधिको विश्लेषण गर्ने जोकोहीले अनुमान लगाउन सक्ने कुरा हो । यसो नगरे राजाले कसरी संविधानसभाको सवाललाई पचाउन सक्छन् ?' भनी मैले भनें ।

# नव कविका कविताहरू

शालिकराम तिमल्सेना

ललितपुरको बुद्धि विकास मण्डलको पुस्तकालय कक्षमा गत साउन २८ गते शनिबार सम्पन्न साहित्यिक कार्यक्रमको छैटौं शृङ्खला भव्य रुपमा सम्पन्न भयो । उक्त कार्यक्रममा कवि तेजेन्द्र प्रसाईं, कृष्ण राना, शालिकराम तिमल्सेना, दीपक भण्डारी, उत्तम निरौला, सिद्धार्थ घिमिरेलगायतले कविता वाचन गर्नुभएको थियो । यस्तै अनिता डंगोल, निरा मुर्मु, विनिता गिरी, विपना गिरी, रञ्जिता कार्कीलगायत कवयित्रीले पनि कविता वाचन गर्नुभयो । यसरी नै झसी किसान, सत्यदेवी थापा र हरि उदासीले गीत प्रस्तुत गर्नुभएको थियो भने सत्यदेवी थापाले गीतका साथै अभिनय पनि प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रस्तुत कविताहरुमध्ये कवि कृष्ण रानाद्वारा लिखित 'लज्जावती' शीर्षकको कविताले सामयिक विषयवस्तुलाई समेटेको थियो । उक्त कविताले पञ्चायतकालमा नमिता सुमिता हत्याकाण्डको प्रसंग उठान गरेर हाल घटेको निर्मला हत्याकाण्डका बारेमा बताएको थियो । जुन कविताले विगत र वर्तमानलाई जोड्नुका साथै जनता जाग्नेछन् भनिएको छ । यस कवितामा उज्यालो पक्षको कामना गरिएको छ, अन्यायी शक्तिको विरोध गरिएको छ । कविताको अन्तर्लय र बुनोट सुन्दर रहेको छ ।

कवि सिद्धार्थ घिमिरेको 'इन्जिनियर बन्नु छ मलाई' शीर्षकको कविता सामयिक छ । कविताको लय राम्रो छ र यसले आजको समाजलाई व्यंग्य रहेको छ । यसैगरी कवि उत्तम निरौलाको कविताले कवि भानुभक्तको व्यक्तित्वलाई केन्द्रमा राखेर वर्तमान हेरेको छ । भानु भएकैले हामी छौं भन्दै 'भाषाको त्रास बोकेर यी डराउँछन्' भनी आजको त्रसित समाजलाई सचेत गराएका छन् । अनुष्टुप छन्दमा उनको कविता सामयिक र सुन्दर रहेको छ ।

यसैगरी कवयित्री रञ्जिता कार्कीको 'शिक्षा' शीर्षकको कविता शार्दूलविक्रीडित छन्दमा रहेको छ । यस कवितामा शिक्षाको महिमागान गाइएको छ । कवयित्री कार्कीको वाचनशैली सुन्दर र उत्कृष्ट रहेको छ । यसैगरी कवि दीपक भण्डारीको लोकलयमा रचित कविता अत्यन्त सुन्दर रहेको थियो भने वाचन पनि बेजोड रहेको थियो । 'भानुभक्त' शीर्षकमा रचित उक्त कविता सामयिक रहेको थियो । यसैगरी सत्यदेवी थापाको गायन सामयिक हास्यरसमा आधारित थियो भने झसी किसानको गीत कृषि जमिन बाँझो राख्न हुन्न भन्ने विषयसँग सम्बन्धित थियो भने हरि उदासीको गीत भावनात्मक र गम्भीरभावले भरिएको थियो ।


कवि तेजेन्द्र प्रसाईंको 'खै कहाँ आयो गणतन्त्र ?' शीर्षकको कविताले आजको नेपालको प्रशासनिक पद्धतिप्रति प्रश्नचिन्ह खडा गरेको छ । पुराना व्यवस्था जस्तै यो पनि गलगाँडयुक्त छ भनिएको छ । कविताको लय उत्कृष्ट रहेको छ । त्यसरी नै कवयित्री अनिता डंगोलको 'नेपाली संस्कृतिका धनी' शीर्षकको आफ्नो संस्कृति जोगाउन उठ उठ भनेको छ । यसले सांस्कृतिक शोषण गलत रहेको र हिंसा झन् खराब रहेको कुरा व्यक्त गरेको छ । त्यसैगरी निरा मुर्मुको 'मेरो देश भयो विदेश' शीर्षकको कविताले समसामयिक विषयलाई प्रस्तुत गरेको छ । कविताले समाजमा शान्तिको कामना गर्नुका साथै बलात्कृत हुनेहरुका पीडालाई व्यक्त गरेको छ । कविता सुन्दर छ ।

यसैगरी विपना गिरीको बाल अधिकार शीर्षकको कविता आशावादी चरित्रको छ । बालबालिकाहरुको इच्छालाई महत्व दिनुपर्ने आवाज यसले उठाएको छ र बालबालिकाहरु हामी एक हुनुपर्छ भन्ने भावलाई कविताले समेटेको छ । कविता सुन्दर र सामयिक रहेको छ । यसैगरी कवयित्री विनिता गिरीको कविता पनि राम्रो रहेको छ । कवितामा केही हुनुपर्छ भन्ने अठोट व्यक्त गरिएको छ । धनीको मन पहाडभन्दा कठोर हुने भाव कवितामा व्यक्त गरिएको छ । कविताको लय राम्रो रहेको छ । कविता सामयिक रहेको छ ।

# हङकङ : पूर्वीय देशमा पश्चिमी पिरती-३

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





हङकङको यो ओशन पार्क देख्दा बैङ्कको अर्कै पाराले निर्मित भएको रोजगार्डेनको पनि सम्झना हुन्छ । यी दुवै ठाउँमा पर्यटकहरूलाई आकर्षित पार्न तिनीहरूको सुविधाका निमित्त यथेष्ट ध्यान दिइएको देखिन्छ । प्राकृतिक स्थलमा कृत्रिम साधनहरूको उपयुक्त मिश्रण भएमा सुनमा सुगन्ध हुने कुरा युरोपका विभिन्न ठाउँमा चहार्दा मनमा पहिल्यै परेको थियो । पूर्वीय देशमा पनि यस्तो सम्मिश्रणलाई आफ्नै परिवेशमा उतार्नु राम्रो हो । विदेशतिर प्राकृतिक स्थलमा कृत्रिम साधनले सजीवता प्रस्फुटित गराई रमाइलो पर्यटकस्थल बनाइएको देख्दा नेपालजस्तो प्रकृतिरानीको जन्मस्थललाई पनि यस्तै केही गरी झन् झकमक्क पार्न सकिन्छ भन्ने कल्पना मनमा उठ्यो । तर हामीकहाँ पर्यटनविकाससम्बन्धी यस्तो कार्य राम्ररी हुन सकेको छैन र त्यसैले मनमा दुःख उत्पन्न हुन्छ । यहाँ कुनै पर्यटकस्थलमा एक चोटि कुनै ठूला रकम खर्च गरी केही बनाइसकेपछि त्यसको निरन्तर सम्भारका लागि अरू थपथाप गर्दै जानुपर्छ भन्ने विचार गरिएको हुन्न । टाढा किन जाऊँ, कौसीबाट देखिने स्वयम्भूको रमाइलो डाँडालाई नै लिऊँ । पन्ध्र-बीस वर्षअघि यहाँका रुखहरू मासिँदै गए भनी पछाडिपट्टि वृक्षरोपण भएको थियो- त्यसमा कुनै सप्रे कुनै मरे । तर अहिले झन् मुख्य पर्यटकस्थलसमेत भइसक्दा यहाँको अघिल्लो भाग नाङ्गो हुँदै गएको छ, यस्तो रमणीय तथा पूजनीय ठाउँमा फेरि वृक्षरोपण गर्ने विवेक अहिलेसम्म प्रस्फुरण भइसकेको छैन ।

### वाटर-स्कीको तमासा

हङकङको अधिकांश भाग समुद्रले घेरिएको हुँदा यहाँका धेरैजसो तटवर्ती इलाकाहरू दर्शनीय मात्र होइनन्, रमणीय पनि छन् । कुनै समुद्री किनारा शान्त छन् त कुनै ज्यादै व्यस्त । ग्रीष्मऋतुमा यस्ता समुद्री किनारातिर घुम्न-टहल्न अधिकांश पर्यटकहरू मात्र होइन, त्यहाँका बासिन्दाहरू पनि पुग्दा रहेछन् । नेपालका डाँडाकाँडा, पाखापखेरामा 'ट्रेकिङ' जाने प्रक्रिया नौलो भए पनि बिस्तारै चल्ती हुँदै आएका छ र हाल यसमा मुख्यतया विदेशीहरूको सङ्ख्याले प्रमुखता ओगटेको छ । त्यस्तै हङकङमा समुद्री किनारातिर रमाइलो पौडी खेल्न जाने तथा त्यहाँ मन लागेसम्म सुक्खा बालुवामा नै घोप्टो परी वा उत्तानो परी घाम ताप्ने जस्ता पश्चिमेली प्रकृतिको प्रचलन बढ्दै आएको छ । भनिन्छ, हङकङका चालीस-पैंतालीसओटा समुद्री किनाराहरूमा आधुनिक सुविधाहरूको राम्रो व्यवस्था छ ।

बिदाको एक दिन समुद्री किनारातिर डुल्ने मनसायले हङकङ टापुको पूर्वतिर अवस्थित बिगवेभ-बे तथा सिक-ओमा बसद्वारा जाने निधो गरेँ । तर एक्लै हुँदा नाना थरीका विचारले मन मडारिन थाल्यो । एक-दुई चोटि त भैगो जान्नँ, साथी पनि छैन भन्ने मनमा लागेको हो, तर आफ्नो पहाडी देशमा ट्रेकिङ गर्न आउने विदेशीहरूको सम्झना हुँदा हौसला जागृत भयो र गएँ । सिक-ओ भन्ने समुद्री किनाराको एक ठाउँमा जहाँ सुनसान थियो एक जमात कुहिरे युवकयुवतीहरू 'वाटर-स्की' गर्न तरखर गरिरहेका रहेछन् । केही मानिसहरू यो स्की हेर्न उत्साहपूर्वक त्यतातिर लागे र मेरो मनमा पनि कौतूहलले ठाउँ लिइहाल्यो । त्यसैले म पनि त्यो 'वाटर-स्की' को तमासा हेर्न त्यतैतिर लागेँ । सलक्क परेका, कम्मर भाँचेका युवतीहरू पानीमा झ्वाम्ल्याङ्ङ फालहाली चुलबुलाउने प्रक्रिया त साधारणै हो । तिनीहरूले 'वाटर-स्की' खेल गरेपछि साँच्चीनै पहिले कहिल्यै नदेखेको मनमोहक आकर्षणको दृश्य देखेँ । यो खेलमा भाग लिएका तीन जना युवतीहरू केही अगाडि चलिरहेको एउटा मोटरबोटका पछाडि बाँधिएका तीनओटा लामालामा डोरीहरू प्रत्येकले एक-एकओटा समाती खुट्टामा जुत्ता लगाएझैँ स्की नाम गरेको लामो फल्याक बाँधी पानीमा टेकी सललल बगेजस्तै गरी बेगले बढ्न थाले । मोटरबोट वेगले दौडन्छ । डोरी समातेका ती युवतीहरू पानीमाथि चिप्लिँदै, नाच्दै, झुल्दै, हाँस्दै यताउता फड्को मार्छन् । त्यस्तै युवकहरू हिउँमा स्केटिङ गरेझैँ कहिले खुट्टामा भएको लामो फल्याकसमेत माथिसम्म उड्ने गरी बेतोडले उफ्रन्छन् त कहिले विभिन्न आसन देखाई आफ्नो पुरुषार्थ देखाउँछन् । त्यस्तै एकबाजि एक जोडी युवकयुवतीको एक अचम्मको खेल पनि देखेँ । युवकले मात्र मोटरबोट पछाडिको डोरी समातेको र उसको मात्र दुवै खुट्टामा पानीमाथि चिप्लने फल्याक थियो । त्यस युवकको काँधमाथि युवती नाच्दै, रमाउँदै, हाँस्दै विभिन्न भागभङ्गी गर्दै उडिरहेकी थिई । यसो हेर्दा निकै सजिलो देखिएको यो रमणीय कार्यमा निपुणता प्राप्त गर्न प्रशस्त परिश्रमको खाँचो पर्ने अनुभव गरेँ ।

### चिनियाँ बस्तीको भ्रमण

हङकङ टापुको वान्चाई भन्ने इलाकामा चिनियाँ जातिको धेरै बस्ती रहेछन् । एक दिन फुर्सद काट्न म त्यतातिरको एउटा सिनेमाघरमा पसेको थिएँ । मानिसको प्रशस्त घुइँचो थियो । टिकट लिनेहरूको लामो नागबेली ताँती देख्दा त्यहाँ चलिरहेको फिल्म निकै राम्रो होला भन्ने विचार गरेँ । त्यहाँ शान्तिपूर्वक 'क्यू' लगाई बसेका हङकङवासीहरू देख्दा मलाई काठमाडौंको फिल्महलमा हुने जात्राको सम्झना भयो । एकताका काठमाडौंको एउटा सिनेमाघरमा अङ्ग्रेजी फिल्म चलेको थियो, टिकट लिनेहरूको घुइँचो थियो । आफू पनि त्यो घुइँचोभित्र रुमलिरहेको थिएँ । एक जना गोरो वर्णकी विदेशी बूढी पनि टिकट लिने सुरमा थिइन्, नवागन्तुक बलिया हुल्याहाहरू मात्र अगाडि परेको देख्दा म मात्र होइन कि तिनी पनि पहिले त किंकर्तव्यविमूढ भइन् । पछि उनलाई के रन्को चढेछ क्यारे, आफूभन्दा पछि आउनेहरूलाई 'यू आ आफटः मी, एस् ? (तपाईं मभन्दा पछि, हगि ?)' 'यु आ बिफोः मी, एस् ? (तपाईं मभन्दा अघि, हगि ?)' भन्दै चार-पाँच जनालाई लाममा राखेर आफूपनि क्रमबद्ध भइन् । अनि के थियो र, तँछाडमछाड गर्दै गरेका नेपाली लाहुरेहरू 'नुन खाएको कुखुराझैँ' लुत्रुक्क परी सबै लाम लगाई बसे । जाबो लाम लगाएर बस्ने कुरामा समेत ती विदेशीले सिकाइदिएको देख्दा एकातिर मनमा थकथक लागिरहेको थियो त साथै त्यस बूढीको साहसिलो सफलता देख्दा मनमनै उनलाई धन्यवाद दिएँ ।

### चिनियाँ चित्रको अवलोकन

अँ, हङकङको त्यो सिनेमाघरमा मैले पनि सजिलैसित अलिबेरपछि टिकट पाएँ । हूलभित्र पसिसकेपछि मात्र थाहा भयो- त्यो फिल्म भर्खरै केही दिनअघि मात्र चीनबाट ल्याइएको ' लिन सेन्सु' (अफिमको लडाइँ) नामक फिचर फिल्म रहेछ । यान्त्रिक गडबडी वा व्यवस्थापनको अन्डबन्ड केले हो कुन्नि निश्चित समयमा फिल्म सुरु हुन सकेन । तर पर्दामा रातो चिनियाँ अक्षरको सूचना निस्केको हुन्छ- मतलब सोध्दा थाहा पाउँछु- फिल्म सुरु हुन केहीबेर लाग्ने हुँदा धैर्य गर्नुहोस् भन्ने अनुरोध गरिएको रहेछ । फेरि झलमल्ल बत्ती बलिदिन्छ । *(क्रमशः)*

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

भविष्यको सुरक्षा
बालापनको रक्षा ।
बालबालिकाका लागि
लगानी, समृद्ध नेपाल
निर्माणको थालनी
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आफैंले उद्घाटन गरेको भवनमा कैद



**विष्णु भट्टराई**



भारतका पूर्वअर्थमन्त्री पी. चिदम्बरमलाई जमानतमा रिहा गर्न भारतीय अदालतले अस्वीकार गरेका छन् । भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धानका लागि पक्राउ परेका चिदम्बरमलाई रिहा गर्न अदालतले अस्वीकार गरेको हो । यससँगै हिरासतबाट मुक्त हुन चिदम्बरमले गरेको प्रयास असफल भएको छ ।

केन्द्रीय अनुसन्धान विभाग (सीआईबी)ले सोधपुछका लागि भन्दै केही दिनअघि उनलाई पक्राउ गरेको थियो । उनलाई अघिल्लो साता पाँच दिनका लागि थुनामा राखेर अनुसन्धान गर्ने आदेश अदालतले दिएको थियो । उनी भारतीय कांग्रेसको नेतृत्वको सरकारमा भारतको अर्थमन्त्री र गृहमन्त्री बनेका थिए । सञ्चार सेवासम्बन्धी आईएनएक्स मिडिया घोटालामा संलग्न रहेको आरोप चिदम्बरममाथि लागेको छ । उनी भारतको प्रमुख विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसका वरिष्ठ नेता र बहालवाला सांसद पनि हुन् । यसअघि उनलाई सीबीआईको टोलीले पक्राउ गरी विशेष अदालतमा पेस गरेको थियो । अदालतले उनलाई २६ अगस्टसम्म हिरासतमा राखेर अनुसन्धान गर्न आदेश दिएको थियो । सीबीआईले चिदम्बरमको मुद्दा गम्भीर भएकाले हिरासतमै राखेर अनुसन्धान अघि बढाउनुपर्ने बताउँदै आएको छ ।

चिदम्बरमका तर्फबाट पूर्वकानुनमन्त्री समेत रहेका कपिल सिब्बलले बहस गरिरहेका छन् । उनले अदालतमा सीबीआईले चिदम्बरमलाई जानीबुझीकन फसाउन खोजिएको भन्दै धरौटीमा रिहा गर्नुपर्ने माग गरेका थिए । उनले यो घटनामा अरू अभियुक्तलाई जमानतमा रिहा गरिएकाले चिदम्बरमलाई पनि जमानतमा रिहा गरिनुपर्ने तर्क गरेका थिए । यही मुद्दाका आरोपी पिटर र इन्द्राणी मुखर्जी जमानतमा छन् । अदालतमा सरकारका तर्फबाट तुषार मेहताले बहस गरिरहेका छन् । उनले अनुसन्धानसँग जोडिएका सबै दस्तावेज चिदम्बरमले उपलब्ध नगराएको दाबी गर्दै आएका छन् ।

केन्द्रीय जाँच एजेन्सी सीबीआईले पूर्वअर्थमन्त्री चिदम्बरमलाई नाटकीय रूपमा गत बुधबार राति पक्राउ गरेको थियो । उच्च अदालतबाट जमानत प्राप्त नभएपछि उनी सर्वोच्च अदालत गएका थिए । सर्वोच्चले उनलाई जमानतमा रिहा नगर्न आदेश दिएको हो । दुईपटक भारतको अर्थमन्त्री भइसकेका चिदम्बरम कांग्रेसका वरिष्ठ नेतासमेत हुन् । सन् १९८४ यता भारतीय सांसद हुँदै उनी गृहमन्त्रीसमेत भए ।

अनुसन्धानकर्ताले उनी एक मलेसियाली कम्पनीले गरेको दूरसञ्चार संस्था एयरसेलको गैरकानुनी अधिग्रहणमा संलग्न रहेको आरोप लगाएका छन् । उनीमाथि सन् २००७ मा अर्थमन्त्री हुँदा घुस खाएर विदेशी लगानीलाई बाटो खोलिदिएको आरोप पनि लगाइएको छ । चिदम्बरमले भने त्यसलाई अस्वीकार गर्दै आएका छन् ।

आईएनएक्स मिडिया घोटाला काण्डमा केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई) ले भारतका पूर्वअर्थमन्त्री पी चिदम्बरमलाई पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । उनीमाथि अनुसन्धान गर्न सीबीआईले विशेष अदालतबाट २६ अगस्टसम्मको म्याद पाएको छ । चिदम्बरमका तर्फबाट पूर्वकानुनमन्त्रीसमेत रहेका नेता कपिल सिब्बलले विशेष अदालतमा बहस गर्दै सीबीआईले जानीबुझी फसाउन खोजेको आरोप लगाए । उनले यो घटनामा अन्य अभियुक्तलाई जमानतमा रिहा गरिएकाले चिदम्बरमलाई पनि जमानतमा रिहा गरिनुपर्ने उनको तर्क थियो । आईएनएक्स काण्डका मुख्य पात्र पिटर र इन्द्राणी मुखर्जी जमानतमा छन् । सिब्बलले यही दलिल पेस गरे ।

अदालतमा सरकारका तर्फबाट तुषार मेहताले बहस गरे । उनले अनुसन्धानसँग जोडिएका सबै दस्तावेज चिदम्बरमले उपलब्ध नगराएकाले बिनाकस्टडीको सोधपुछले अनुसन्धान सम्भव नहुने भन्दै हिरासतमा राखेर अनुसन्धान गर्न अदालतसमक्ष पाँच दिनको म्याद मागेका थिए । अदालतले उनीमाथि थप अनुसन्धानका लागि म्याद दिएको छ र हिरासतमा राखेर अनुसन्धान भइरहेको छ । केन्द्रीय जाँच ब्युरो (सीबीआई)ले पूर्वअर्थमन्त्री चिदम्बरमलाई नाटकीय रूपमा पक्राउ गरेर लोदी कोलोनीस्थित मुख्यालय लगेको थियो ।

सन् २०११ मा मनमोहन सिंह नेतृत्वको सरकारमा कांग्रेस नेता पी चिदम्बरम गृहमन्त्री थिए । त्यसैबेला उनले केन्द्रीय जाँच ब्युरो (सीबीआई) को भवनको उद्घाटन गरेका थिए । तर, उनले कहिल्यै पनि सोचेका थिएनन् होला कि उनले जुन भवनको उद्घाटन गरेका थिए, त्यसैमा उनले बन्दी जीवन बिताउनुपर्नेछ । तर, बुधबार त्यही घटना भयो । सीबीआईको टोलीले पक्राउ गरेपछि उनले आफैंले उद्घाटन गरेको भवनमा रात बिताए । अर्को पनि रोचक संयोग मिलेको छ । सीबीआईले सोहराबुद्दिन सेख मुठभेड घटनामा हत्या आरोपमा गुजरात सरकारका मन्त्री अमित शाहलाई गिरफ्तार गरेको थियो । त्यसबेला चिदम्बरम गृहमन्त्री थिए । आज त्यही सीबीआईले चिदम्बरमलाई पक्राउ गर्दा तिनै अमित शाह भारतको गृहमन्त्री छन् । चिदम्बरम कांग्रेसका प्रभावशाली नेता र मनमोहन सिंहका निकट मन्त्री थिए । उनले त्यस समयमा मोदीका दाहिने हात मानिने अमित शाहमाथि मात्रै होइन, सीधा रूपमा नरेन्द्र मोदीमाथि हात हालेका थिए । सन् २००२ मा भएको गुजरात दंगाको अनुसन्धान विशेष जाँच दल (एसआईटी)ले गरिरहेको थियो ।

घटनामा सीधा मोदीलाई फसाउने षड्यन्त्रअनुसार सो कदम चालिएको उनीहरूको बुझाइ थियो । अहिले अवस्था उल्टिएको छ र मोदी शक्तिशाली प्रधानमन्त्री, उनका विश्वासपात्र मानिने अमित शाह गृहमन्त्री भएका छन् र चिदम्बरमको अवस्था कमजोर बनेको छ । उनीमाथि आईएनएक्स मिडिया घोटालाको आरोप लागेको छ र अनुसन्धानका लागि सीबीआईको नियन्त्रणमा छन् । पी चिदम्बरम कांग्रेस नेतृत्वका भारतमा दुई कार्यकाल सरकार बन्दा शक्तिशाली भूमिकामा थिए । भाजपाको नजरमा उनका गतिविधि पेल्ने रणनीतिसहित आएका थिए । तर, उनले सकेसम्म भाजपालाई कमजोर बनाउने नीति लिए ।

सन् २०१० मा 'भगवा आतंकवाद' शब्दावलीको प्रयोग गर्दै उनले भाजपामाथि निसाना साँधे । आतंकवादसम्बन्धी एक सम्मेलनका क्रममा उनले भने, 'अतीतमा भएका केही बम विस्फोटमा जोडिएको गेरु आतंकवादीको नयाँ स्वरूप सामुन्ने आएको छ । सधैं सतर्क रहन र केन्द्र तथा राज्य स्तरमा आतंकवाद रोक्नका लागि आफ्नो क्षमता बढाउने प्रयास जारी राख्न मेरो सल्लाह छ ।'यो टिप्पणीमाथि भाजपाले तत्काल हंगामा खडा गऱ्यो । यो हिन्दुत्वमा आधारित शक्तिले 'हिन्दुत्व'लाई आतंकवादसँग जोड्नु र भाजपाको क्रियाकलापलाई अवैध साबित गर्ने कोसिसका रूपमा देखियो । जब कि अहिलेसम्म आतंकवादीका रूपमा इस्लामिक शक्तिलाई मात्रै जोड्ने गरिएको थियो । जुन अहिलेसम्म पनि जारी छ । तर, सबै आतंकवादको कुनै धर्म नहुने विषयमा सहमत भए । तर, जुन क्षति हुनुपर्ने थियो, त्यो भइसकेको थियो । त्यो अनुसन्धान स्पष्ट थियो या थिएन (केही विस्फोटमा हिन्दूवादी संगठनसमेत जोडिएको पाइएको थियो ।) भनेर अहिले पनि भन्न सकिने अवस्था छैन । तर, यो घटना राजनीतिक रूपमा आत्मघाती बन्यो र भाजपा र संघलाई धर्म निरपेक्षताको षड्यन्त्रणको सिकार भएको कार्ड खेल्ने मौका मिल्यो ।

कांग्रेसले यो घटनापछि सार्वजनिक रूपमा नै चिदम्बरमको भनाइको खण्डन गरेको थियो । जनार्दन द्विवेदीले कांग्रेसका तर्फबाट एक विज्ञप्ति जारी गरी यस विषयमा प्रस्ट पारे । उनले भने, 'यो विवाद एक शब्दकै कारण सुरु भएको हो । (जुन सम्मेलनमा गृहमन्त्री पी चिदम्बरमले विवादित कुरा गरेका थिए ।) उनको एजेन्डामा भगवा भन्दा पनि आतंकवाद शब्द थियो र आतंकवादको कुनै रंग हुँदैन । यो पूरा रूपमा कालो छ । गेरु, रातो, हरियो या सेतो, तपाईं चाहे जस्तोसुकै रंगसँग जोड्नुहोस् । आंतकवादको कुनै रंग हुँदैन । आतंकवादीको निन्दा र भर्त्सना गर्नुपर्छ । भाषाको प्रयोगमा संयमता अपनाउनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा कुनै पनि रंगलाई लिएर आपत्ति जनाउनु हुँदैन किनकि सबै रंगका आफ्नै परम्परा र इतिहास छन् ।'

पी चिदम्बरममाथि पछिल्लो समयमा जुन संकट आइपरेको छ । यो कानुनीभन्दा बढी राजनीतिक लडाइँको हिस्सा हो भन्ने कुरा त स्पष्ट छ । तर, मुद्दा कानुनी रूपमा अघि बढेको अवस्था छ । चिदम्बरम यूपीए सरकारको पहिलो कार्यकालमा अर्थमन्त्री भएको समयमा एक मिडिया कम्पनीको ३०५ करोड रुपैयाँ विदेशी लगानीमा स्वीकृति दिनुपर्ने अवस्था आयो । यो खर्च गर्नका लागि 'फरेन इन्भेस्टमेन्ट बोर्ड'लाई यो अनुमति दिनुपऱ्यो । तर, कम्पनीले अनुमतिबिना नै खर्च गऱ्यो ।

आईएनएक्स कम्पनीका मालिक इन्द्राणी र पीटर मुखर्जी थिए । यो दम्पती आफ्नी छोरी सिना बोराको हत्याको अभियुक्त हो र अहिले जेलमा नै रहेको छ । जेलमा रहेकै समयमा इन्द्राणीले कानुनी झन्झटबाट बच्नका लागि पी चिदम्बरमलाई घुस दिएको स्वीकार गर्ने निर्णय लिइन् । उनले सो समयमा १० लाख भारतीय रुपैयाँ चिदम्बरमका छोरा कार्तिलाई दिएको बताइन्छ ।

यति मात्रै होइन, चिदम्बरमविरुद्ध सन् २००६ मा एसरसेल मेक्सिस सौदाकाण्डको आरोप लागेको छ । यस विषयमा पनि अनुसन्धान भइरहेको छ । चिदम्बरमको पक्राउ प्रकरण नरेन्द्र मोदीको कार्यकालमा भएको यो सबैभन्दा उच्चस्तरीय नेताको गिरफ्तारी हो । संसारका कुनै पनि सरकारले विपक्षी दलका नेतालाई हत्तपत्त पक्राउ गर्दैन । उसलाई विपक्षी नेता पक्राउ गर्दा जनता सडकमा उत्रिएर आन्दोलन गर्ने डर हुन्छ । संसारमा यस्ता घटनाहरू प्रशस्तै मात्रामा हुन्छन् र विपक्षी नेतामाथि जनताको सहानुभूति हुन्छ । संकटकालपछि भारतमै इन्दिरा गान्धीले यस्तो परिस्थितिको सामना गर्नुपरेको थियो । तर, आजको अवस्था हेर्ने हो भने त्यसको ठीक उल्टो देखिएको छ, सरकारप्रति सहानुभूति र विपक्षीप्रति उदासीन । मोदी सरकार विपक्षीप्रति सहानुभूति देखाउनुभन्दा बलियो देखिएका छन् । यतिबेला भारतको अर्थतन्त्र केही खस्किएको देखिएको छ । चिदम्बरम सन् २००४ देखि २००८ सम्म अर्थमन्त्री थिए र उनी राज्यकोषको वृद्धि तथा घाटा ख्याल गर्ने राम्रा अर्थमन्त्री थिए । त्यसैले, यतिबेला सामाजिक सञ्जालमा धेरैले व्यंग्य गरिरहेका छन्, 'चिदम्बरमलाई हिरासतमै भए पनि अर्थतन्त्रलाई कसरी राम्रो बनाउन सकिन्छ भनेर एउटा प्रश्न सोधियोस् ।'

उनको गिरफ्तारी यस्तो समयमा भएको छ कि कश्मीरमा सिंगो विपक्षी जेलमा छ, अर्थव्यवस्था मोदी सरकारका लागि लगातार दुःखद विषय बनिरहेको छ । भ्रष्टाचारको मामलामा केही यस्तै ठूला नेताहरू गिरफ्तार पर्ने अनुमान उत्तिकै गरिएको छ । यसै कडीमा केही अनुसन्धानकर्ताहरू कांग्रेस नेता शशि थरुर, रोबर्ट बान्द्रा, राहुल गान्धी र इन्दिरा गान्धीजस्ता नेताको पछि रहेको बताइन्छ । रोबर्ट बान्द्रामाथि भारतमा यतिबेला मनी लन्ड्रिङको आरोप छ भने सोनिया र राहुलमाथि नेसनल हेराल्ड मामलामा भ्रष्टाचारको आरोप छ ।

भाजपा समर्थक ट्वीटर ह्यान्डल र भाजपा समर्थक समाचार च्यानलको माहोल हेर्ने हो भने जसरी अनुसन्धान निकायलाई प्रभावित पार्ने कोसिस भइरहेको छ, यसले कुनै घटना निम्त्याउन सक्छ भन्ने देखिन्छ ।

उनले कहिल्यै पनि सोचेका थिएनन् होला कि उनले जुन भवनको उद्घाटन गरे, त्यसैमा बन्दी जीवन बिताउनुपर्नेछ । तर, बुधबार त्यही घटना भयो । सीबीआईले सोहराबुद्दिन सेख मुठभेड घटनामा हत्या आरोपमा गुजरात सरकारका मन्त्री अमित शाहलाई गिरफ्तार गरेको थियो । त्यसबेला पी चिदम्बरम गृहमन्त्री थिए । आज सीबीआईले चिदम्बरमलाई पक्राउ गर्दा तिनै अमित शाह भारतका गृहमन्त्री छन् ।

भाजपा नेतृत्वको सरकार रहेको यो समयमा भारत सरकारले अर्थतन्त्रलाई सही दिशा दिन सकिरहेको छैन । त्यसैले अनेक विषयवस्तु ल्याएर मानिसहरूको ध्यान अन्यत्र मोडिरहेको धेरैको बुझाइ छ । यसअघि कश्मीरको विषय आयो, अहिले चिदम्बरम र भोलि कुन विषय आउँछ भन्ने प्रश्न पनि सँगै गरिएको छ । यसले भाजपालाई दुईवटा फाइदा हुनेछ । पहिलो उसले अर्थतन्त्रमा गिरावट र बेरोजगारीको अवस्थाबाट मानिसहरूको ध्यान अन्यत्र मोड्नेछ भने अर्कोतर्फ विपक्षी कति भ्रष्ट, बिकाउ र कसुरदार छ भन्ने पनि देखाउन सक्छ । चिदम्बरम केही दिनमा जमानतमा रिहा भएर बाहिर आए पनि कांग्रेस पार्टी भ्रष्ट छ भनेर जनताको अगाडि देखाउन चाहन्छ ।

आरोप सही होस् या गलत नै नभए पनि विपक्षी नेताले जनताको समर्थन गुमाउँदै गएमा सरकारलाई उनीहरूलाई गिरफ्तार गर्न त्यति नै सजिलो हुँदै जान्छ । चिदम्बरम आफैंमा त्यसको एउटा उदारहण बनेका छन् । उनी एक राम्रा प्रशासक र वकिल थिए तर उनी राजनीतिक रूपमा प्रभावशाली जननेता थिएनन् । उनी तमिलनाडु शिवगंगाबाट सन् १९८५ र २००९ गरी दुईपटक लोकसभा सदस्य निर्वाचित भएका थिए । २०१९ को निर्वाचनमा डीएमकेको सहयोगमा उनका छोरा कार्तिले सोही क्षेत्रबाट चुनाव जिते ।

उनले पार्टी कार्यालयमा गएर पत्रकार सम्मेलन नै गरेर घटनाबारे जानकारी गराएर फर्किएलगत्तै घरमै गएर सीबीआईको टोलीले गिरफ्तार गरेको थियो । भारतीय राजनीतिक विश्लेषहरू भन्छन्, 'कांग्रेस पार्टीको नजरमा यो एक राजनीतिक प्रतिशोध हो भने सोनिया र राहुल गान्धी पत्रकार सम्मेलनका क्रममा उनको साथमा उपस्थित हुनुपर्थ्यो । उनले सहज रूपमा आफ्नो गिरफ्तारी दिनुपर्दथ्यो र कांग्रेस कार्यकर्ताले ठूलो मात्रामा विरोध प्रदर्शन गर्नुपर्दथ्यो । उनको गिरफ्तारीको समयमा घरबाहिर केही कार्यकर्ता टिभी क्यामेराका अगाडि नाराबाजी गरेको देखियो ।' सन् १९५४ मा धनी व्यापारिक परिवारमा जन्मिएका पी चिदम्बरमले कानुनमा आफ्नो करियर बनाउन खोजेका थिए । तर, उनी राजीव गान्धीसँग नजिक भए र सन् १९८४ मा इन्दिरा गान्धीको हत्यापछि भएको निर्वाचनको चुनावी लहरमा उनी पनि विजयी भए र राजीव गान्धीको मन्त्रिपरिषदमा मन्त्री बन्न पुगे ।

*(बीबीसीको सहयोगमा)*

# Nagarkot : most attractive for the tourist







Nagarkot is a village in central Nepal, at the rim of the Kathmandu Valley. From Nagarkot one can have majestic views almost of all the peaks above 8000 mt. It's known for its views of the Himalayas, including Mount Everest to the northeast, which are especially striking at sunrise and sunset. The surrounding scrubland is laced with trails and home to many butterflies. To the west is the ancient, pagoda-style Changunarayan Temple, dedicated to Vishnu and a Hindu pilgrimage site.

Nagarkot has a warm, temperate climate. Peak travel is Sep–Dec, when temperatures are mild, and the dry weather offers clear views of the Himalayas. Days are warm and nights are mild May–Sep, when there is an increased chance of fog and rain. The monsoon season (Jun–Sep) sees heavy rainfall. The dry winter (Dec–Feb) is marked by mild days and cold nights.

Mostly tourists having few days in Nepal visit Nagarkot and enrich their experience with the snowy peaks. Just few kilometers in distance from Bhaktapur core town area, the snapshot trip to Nagarkot has been found most attractive for the tourist. The hotels and lodges operating theere offer all possible cuisines of the world. As the place itself has been develped because of tourism, the hospitality extended in Nagarkot is beyod description.

## मन्डेलाको महानता



रंगभेदविरोधी अश्वेत नेता नेल्सन मन्डेला भर्खरै दक्षिण अफ्रिकाका राष्ट्रपति बनेका थिए। एक दिन उनी खाना खान सुरक्षाकर्मीसहित एउटा रेस्टुरेन्टमा पुगे। उनीहरू सबैले आआफ्नो रुचिअनुसारका खाना अर्डर गरेर खानाको प्रतीक्षामा बसे। मन्डेलाको कुर्सीनजिकै अर्का एकजना व्यक्ति पनि खानाको प्रतीक्षामा देखिन्थे। तिनलाई देखेर मन्डेलाले आफ्ना सुरक्षाकर्मीलाई ती व्यक्तिलाई पनि आफ्नै टेबलमा बोलाउन लगाए। एकैछिनमा खाना आइपुग्यो। सबैजना चुपचाप खाना खान थाले।

मन्डेलाको टेलबमा आमन्त्रित व्यक्ति पनि खाना खान थाले। तर, खाना खाँदा उनका हात र शरीर काँपिरहेका थिए। निधारबाट चिटचिट पसिना बगिरहेको थियो। छिटोछिटो खाना खाइसकेर ती व्यक्ति शिर झुकाएर फटाफट होटलबाट बाहिरिए। उनी गइसकेपछि सुरक्षा अधिकारीले मन्डेलालाई भने– महामहिम, भर्खरै यहाँबाट गएका व्यक्ति धेरै बिरामी देखिन्थे। खाना खाने समयमा पनि उनका हात र शरीर लगातार कामिरहेका थिए। पसिना पनि आइरहेको थियो। साह्रै आत्तिएका देखिन्थे।

मन्डेलाले भने– तपाईंले भनेजस्तो ती बिरामी थिएनन्। यथार्थमा उनी मलाई जुन जेलमा बन्दी बनाएर राखिएको थियो, त्यही जेलका जेलर थिए। जब उनी मलाई यातना दिन्थे, म वेदना सहन नसकेर चिच्याई-चिच्याई पानी माग्थेँ, तब तिनले मेरो मुखमा पिसाब गरिदिन्थे।

अहिले म देशको राष्ट्रपति छु। सायद उनलाई लाग्यो होला, उनको साथमा पनि मैले त्यस्तै व्यवहार गर्नेछु। बदलाको भावनाले काम गर्दा विकास होइन, विनाश हुन्छ भन्ने मलाई राम्रो ज्ञान छ। त्यसैले, प्रतिशोधले होइन, मेलमिलाप र सहकार्यबाट अघि बढ्न सकेको खण्डमा मात्र देशको विकास र समृद्धि सम्भव छ। त्यसैले, म कसैसित पनि बदला लिनेछैन।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । घुमफिर तथा मनोरञ्जनको समय छ । अतिथिका रूपमा सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ। आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ।

### वृष

रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नाले फाइदा हुने काम सुरु हुनेछ। प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने द्वन्द्व र मुद्दामा पनि विजयी भइनेछ।

### मिथुन

मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ। सहपाठीहरूलाई उछिन्दै पुरस्कार, प्रशंसा आदि प्राप्त गर्न सकिनेछ । व्यापारमा फाइदा हुनेछ । पशुपालन र कृषिमा लाभ मिल्नेछ। सन्तानको साथले उत्साह जगाउनेछ।

### कर्कट

फाइदा हेर्दा नाम बिग्रन सक्छ । तापनि, आज अरूलाई दिने नभई भित्र्याउने समय छ । दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ । पुरानो सम्झौता नवीकरण नगर्दा आफ्नो लाभांश गुम्न सक्छ । परिस्थितिअनुसार निर्णय लिन नसक्दा काममा पछि परिनेछ। अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा अवश्यै लाभ हुनेछ।

### सिंह

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ । चुनौती पन्छाएर पनि नयाँ काममा जग बसाउने मौका छ।

### कन्या

बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । सहयोगीहरूले हिम्मत दिलाउनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। सुखद समाचारले उत्साह जगाउनेछ।

### तुला

कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष अवसर प्राप्त हुनेछ । पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा फाइदा हुनेछ।

### बृश्चिक

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपरे पनि कर्जामार्फत धन जुटाउन सकिनेछ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। आफ्नो मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्।

### धनु

पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ । आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी हुनेछ । तर रकम जुटाउँदा ऋणभार बढ्न सक्छ । सरसापटमा पनि केही धन बाहिरिने देखिन्छ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ। तापनि मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। अरूको विषयमा चासो लिँदा झमेला बेहोर्नुपर्ला।

### मकर

मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । नोकरी तथा व्यवसायमा फाइदा हुनेछ । भौतिक साधनहरू संग्रह हुनेछन् । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ। रुचिका विषयमा लगानी बढाउन सकिनेछ।

### कुम्भ

रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ । सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ। सामाजिक वादविवाद सुल्झाउने जिम्मेवारी आउन सक्छ । चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ । श्रम परे पनि विशेष उपलब्धि हासिल हुनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । लगनशीलताले उत्साह जगाउनेछ।

### मीन

स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ । व्यस्तता बढ्नेछ भने शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। लगानी गर्ने काममा हात हाल्नुअघि विचार पुऱ्याउनुहोला । अनावश्यक अडान लिने बानीले पनि समस्या निम्त्याउनेछ । शुभचिन्तकहरूको सुझावलाई ध्यान दिनुहोला।

## मनिकालाई स्वर्ण पदक

काठमाडौं । तङ्ग-इल मो-दो संघ नेपालकी खेलाडी मनिका सुनारले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको लागि स्वर्ण पदक जितेकी छन् । १०६ राष्ट्रको सहभागिता रहेको प्रतियोगितामा ३५६५ खेलाडीहरुले सहभागिता जनाएका थिए । तङ्ग-इल मो-दो संघ नेपालका अध्यक्ष सन्तोष कुमार पौडेल नेतृत्वमा ६ जना नेपाली खेलाडीहरुको सहभागिता रहेकोमा गोरखाकी मनिका सुनारले महिला काता (बोन) मा स्वर्ण पदक जितेर नेपालको नाम राखेकी छन्। मनिकासँगै प्रकाश श्रेष्ठ, तेज बहादुर सिंह, दिपक बास्तोला दिपेन्द्र ठाकुर लगायतका खेलाडीले सहभागिता जनाएका थिए । प्रतियोगिता यहि अगस्ट २६ देखि ३० सम्म कोरियामा भएको थियो ।

दक्षिण कोरियामा आयोजना गरिएको २०१९ छन्ङजु वर्ड मार्शल आर्टस मास्टरशि 'अन्तर्राष्ट्रिय मार्शल आर्टस मेगाइभेन्ट' सुनारले स्वर्ण पदक जितेकी हुन् । कोरियाली सरकारको स्वीकृतीमा अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रम अन्तर्गत प्रतियोगिता आयोजना गरिएको तङ्ग-इल मो-दो संघ नेपालका महासचिव बिष्णु गिरीले जानकारी दिए ।

'समय भन्दा पर, संसारलाइ जोड्ने' भन्ने नाराका आयोजित अन्तर्राष्ट्रिय प्रतियोगितमा सबै किसीमको मार्शल आर्टशलाई एकै ठाउँमा ल्याउन तथा मार्सल आर्टको माध्यमबाट शान्ति र सद्भावका लागि सकारात्मक सन्देश प्रबाह गर्न पनि प्रतियोगिता गरिएको हो ।

यजी.ए.आइ.एस.एफ. को सरक्षण र आइ.ओ.सि.ले समार्थन गरेको प्रतियोगिमा हो । गिरीले तङ्ग-ईल मो-दो खेल विश्वप्रसिद्ध शान्तिवादी नेता सन् म्योङ्ग मुनले खेलकुदको माध्यमबाट विश्वभरी शान्ति स्थापना गर्ने उद्देश्यले स्थापना गरेको संस्मरण गर्दै यस खेलले राष्ट्रको नाम बिश्वमा चिनाउन भहत्वपूर्ण भूमिका खेल्ने बताए ।

राष्ट्रिय खेलकुद परिषदमा समेत आवद्ध रहेको तङ्ग-इल मो-दो संघले प्रतियोगितामा सहभागिता जनाउन जानु अघि खेलकुद परिवदमा समेत जानकारी गराएको महासचिव गिरीले जानकारी दिए । चुङ्जु वर्ल्ड मार्शल आर्ट्स प्रतियोगितामा तङ्ग-इल मो-दो संघ नेपालका अध्यक्ष सन्तोष कुमार पौडेललाई शान्ति पदकद्वारा सम्मान गरिएको थियो ।

## हत्या अभियोगमा पक्राउ

काठमाडौं । नागार्जुन नगरपालिका-५ बस्ने २५ वर्षीय आकाश बस्नेतलाई धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा ३ जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं नागार्जुन नगरपालिका-४ सितापाईला शरणपुर बस्नेहरू सुर्खेत वीरेन्द्रनगर नगरपालिका-१ बाङ्गेसिमल घर भएका १९ वर्षीय हिमांशु क्षेत्री, धादिङ गजुरी गाउँपालिका-२ घर भएका २० वर्षीय साकार भन्ने सागर तामाङ र दोलखा मेलुङ्ग गाउँपालिका-५ डाँडाखर्क घर भएका २३ वर्षीय सरोज भन्ने सुवास श्रेष्ठग रहेका छन्। महानगरीय प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले घटना भएको करिब आधा घण्टाभित्रै उनीहरूलाई काठमाडौं नागार्जुन नगरपालिका-४ स्थित कम्फर्ट कोलनी नजिक फेला पारी पक्राउ गरेको हो।

काठमाडौं नागार्जुन नगरपालिका-४ सितापाईलास्थित शरणपुरचोकमा भै(झगडा भएको भन्नेग जानकारी प्राप्त हुन साथ उक्त वृत्तबाट खटिएको प्रहरीले बस्नेतलाई धारिलो हतियार प्रहारबाट घाइते भएको अवस्थामा फेला पारेको थियो। घाइते बस्नेतलाई उपचारका लागि प्रहरीले मनमोहन अस्पताल स्वयम्भूमा पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो।

मादक पदार्थ तथा अन्य नशालु पदार्थको सेवनबाट मातेर मृतकसँग सामान्य विवाद हुँदा उनीहरूले धारिलो हतियार प्रहार गरी भागेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## ट्याक्टर दुर्घटनामा मृत्यु

रामेछाप । मन्थली नगरपालिका-२ बान्द्रेस्थित सडकमा ना.६ त ६३०१ नम्बरको ट्याक्टर सडकबाट करिब १ सय ५० मिटर तल खसेर मंगलबार बिहान दुर्घटना हुँदा ट्याक्टरमा सवार मन्थली नगरपालिका(१ सानिमदौ बस्ने ४० वर्षीय ध्रुव रोक्काको तामाकोशी अस्पताल मन्थलीमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका ट्याक्टर चालक मन्थली नगरपालिका-७ भटौली बस्ने २२ वर्षीय रोशन परीयार र ट्याक्टरमा सवार दोरम्बा गाउँपालिका-५ खरीढुङ्गा बस्ने १७ वर्षीय दिनेश नेपालीको सोही अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## आगलागीबाट धनमाल नष्ट

ताप्लेजुङ । फुङलिङ नगरपालिका-९ बुङकुलुङ बस्ने मनोज गुरुङको भान्साघरको चुल्होबाट मंगलबार बिहान आगो सल्किएर भान्साघर तथा नजिकै रहेको घर समेतमा आगलागी हुँदा करिब ८ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## ढुंगाले लागेर मृत्यु

ललितपुर। बागमती गाउँपालिका-१ धुसेलस्थित पहिरो जाँदा ढुंगाले लागेर गोदावरी नगरपालिका-७ देवीचौर घर भएका १६ वर्षीय दिपेश मार्पाको मंगलबार बिहान मृत्यु भएको छ। बाटोमा हिँडिरहेको अवस्थामा माथिबाट पहिरो आई ढुंगाले लाग्दा गम्भीर घाइते भएका मार्पाको पाटन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सवारी दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौं। मकवानपुर, कैलाली, सुर्खेत, सप्तरी र रुपन्देहीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ। मकवानपुर, हेटौंडा उपमहानगरपालिका-११ थानाभर्याङस्थित सडकमा ना.४५ प १६११ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार दिउँसो दुर्घटना हुँदा गम्भीर घाइते भएका चालक रौतहट चन्द्रपुर नगरपालिका-४ बस्ने २३ वर्षीय सुरज मैनालीको चुरेहिल अस्पताल हेटौंडामा उपचारको क्रममा मृत्यु भएको छ।

कैलाली, कैलारी गाउँपालिका-४ स्थित सडकमा से.२ प ९६८७ नम्बरको मोटरसाइकल गोरु गाडा ठक्कर खाई मंगलबार साँझ दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक धनगढी उपमहानगरपालिका(७ बस्ने राम बहादुर चौधरीको प्रादेशिक अस्पताल सेतीमा उपचारको क्रममा मृत्यु भएको छ। गाडा चालक कैलारी गाउँपालिका-४ बस्ने ४५ वर्षीय पतिराम चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यसैगरी कैलाली, चुरे गाउँपालिका(६ धप्रेनीस्थित सडकमा से.१ क ६९७ नम्बरको टिपर अनियन्त्रित भई सडकबाट अन्दाजी १ सय ५० मिटर तल खसेर बुधबार बिहान दुर्घटना हुँदा चालक सोही गाउँपालिका बयाला बस्ने ३० वर्षीय नरेन्द्र थापाको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका सहचालक सोही गाउँपालिका बस्ने ३० वर्षीय पदम सुर्जाको पदमा अस्पताल उत्तरियामा उपचार भइरहेको छ।

सुर्खेत, भेरीगंगा नगरपालिका(९ स्थित सडकमा भे.६ प ४६२९ नम्बरको मोटरसाइकलबाट खसेर गम्भीर घाइते भएका मोटरसाइकलमा सवार सोही नगरपालिका(९ ठूलो जात्री बस्ने २० वर्षीय गोविन्द बिकको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मंगलबार राति मृत्यु भएको छ। मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सप्तरी, शम्भुनाथ नगरपालिका(८ स्थित सडकमा स.१० प ७३६३ नम्बरको मोटरसाइकलले मंगलबार साँझ ठक्कर दिँदा गम्भीर घाइते भएकी हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ४० वर्षीया महिलाको सगरमाथा अंचल अस्पताल राजबिराजमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक सोही नगरपालिका(८ पोखरीया बस्ने ४० वर्षीय राजेन्द्र मण्डलको युनिक अस्पताल रुपनीमा उपचार भइरहेको छ।

रुपन्देही, तिलोत्तमा नगरपालिका(१ स्थित सडकमा लु.३६ प १८०४ नम्बरको स्कुटर अनियन्त्रित भई बुधबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएका हाल वतन नखुलेका मोटरसाइकल चालक अन्दाजी २२ वर्षीय सौगात घलेको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका स्कुटरमा सवार बुटवल उपमहानगरपालिका(११ बुद्धनगर बस्ने १४ वर्षीय रुपेश श्रेष्ठको सोही अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*स्रोत : प्रप्रका समाचार कक्ष)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Venerate = सम्मान गर्नु, Even in modern time, the spritual leaders are venerated (आधुनिक जमानामा पनि आध्यात्मिक नेताहरूलाई ठूलो सम्मान दिइन्छ)

Warranted = आधिकारिक, वैध This action of the government can not be warranted unless agreed by lagislature (विधायिकाले अनुमोदन नगरुञ्जेल सरकारको यो कार्य वैध हुनसक्तैन)

Yen = आकांक्षा, My son have always had a yen to go to America to study ( मेरो छोराले सधैं अमेरिका गएर पढ्ने आकांक्षा राख्थ्यो)

Zenith = उच्च स्थान वा विन्दु Although he was brilliant and hard working, he could not reach the zenith of his career (जेहेन्दार र परिश्रमी हुँदा हुँदै पनि उसले आफ्नो वृत्ति विकाश गर्न सकेन)

Abeyance = स्थगन गर्नु, The discussion was held in abeyance until his arrival (उसको आगमन नहुञ्जेलसम्मका लागि भनेर छलफलको कार्यलाई स्थगन गरियो)

Belie = भ्रम पारी दिनु, His cheerful manner always belies his seriousness (उसको सधैँ खुसी जस्तो देखिने प्रवृत्तिले गर्दा उनी गम्भीर होलान भन्ने कुरामा सबैलाई भ्रम छ)

Capricious = भन्नै नसकिने किसिमको, She is so capricious that she changes the idea as she changes clothes (उनको विचारधाराको बारेमा ठोकेर यसै हो भन्न सकिन्न किनकि तिनी लुगा बदलेको झैं गरी विचार परिवर्तन गरिरहन्छिन्)

Decorum = औपचारिक ब्यवहार, She is a model of decorum when she has guest at home (घरमा पाहुना हुँदा गर्नुपर्ने औपचारिक व्यवहारका लागि तिनी नमुनै छिन)

Eclectic = छनौटपूर्ण, उपयुक्त, सुसज्जित The interior decoration that she has is eclectic (तिनको घरभित्रको साजसज्जा ज्यादै सुसज्जित छ)

Fallacious = भ्रमपूर्ण, The notion that the wealth brings happiness is fallacious - धन नै सबै खुसीको स्रोत हो भन्ने तर्क भ्रमपूर्ण छ)

Garrulous = गफाडी, He is such a garrulous person that sometimes opens even the secret unknowingly ( ऊ यस्तो गफाडी छ कि गफको धुनमा कहिलेकाहीँ गोप्य कुरा पनि फुत्त खोलिहाल्छ)

## Set बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Set something back = अडकाउनु, ढिलाइ गर्नु Financial problem has set back our building project वित्तीय समस्याले गर्दा हाम्रो निर्माण आयोजना ढिलाइ हुन गयो।

Set back something = मूल्य पर्न आउनु The meal is likely to set us back Rs. 500 each. खानाको मूल्य हामी हरेकको थाप्लोमा रु ५०० पर्न आउने देखिन्छ।

Set something back from = बाट पर हुनु The house is set well back from the main road घर मुख्य सडकबाट राम्रै पर पर्दछ ।

Set somebody down = ओराल्नु The bus stopped to set down an old lady बुढी महिलालाई ओराल्नको लागि भनेर बस रोकियो ।

Set something down = उतार्नु He has set well his idea on paper उसले आफ्ना विचारलाई कार्यपत्रमा राम्ररी उतारेको छ।

Set forth = भ्रमण शुरु गर्नु We set forth tomorrow exactly at seven भोलि बिहान ठ्याक्कै ७ बजे हामी हाम्रो भ्रमण शुरु गर्छौं।

Set something forth = जानकारी दिनु The Primi Minister set forth the programmes of his government in a television broadcast प्रधानमन्त्रीले टेलिभिजनबाट आफ्नो सरकारको योजनाहरु जानकारी गराए।

Set in = शुरु हुनु Before the cold weather sets in, we have to repair our heating system जाडो मौसम शुरु हुनु अगावै हामीले हिटर मर्मत गर्नुपर्छ ।

Set off = भ्रमणको लागि निस्कनु What time are you planning to set off tomorrow? भ्रमणको लागि भोलि कुन बेला निस्कँदै छौ तिमीहरु ?

Set something off = पडकनु Before the mine sets off, every mine worker makes himself secured, खानी पड्काउनु अघि खानीमा काम गर्ने हरेक कामदार आफूलाई सुरक्षित राख्छ।


## सुडोकु-अंक १६६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | | ५ | | | ९ |
| | | | ६ | | २ | ८ | | ७ |
| | | ८ | | | | | | |
| ६ | | | | ८ | | | ५ | |
| | | ९ | | | | २ | | |
| | ८ | | | ९ | | | | ३ |
| | | | | | | ६ | | |
| ५ | | ७ | १ | | ३ | | | |
| २ | | | ४ | | | | | १ |

## अंक १६५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | १ | ४ | ९ | ३ | ६ | ५ | ७ | २ |
| ९ | ६ | ७ | ४ | ५ | २ | ३ | ८ | १ |
| ३ | ५ | २ | १ | ८ | ७ | ४ | ९ | ६ |
| २ | ९ | १ | ६ | ७ | ४ | ८ | ३ | ५ |
| ५ | ७ | ८ | ३ | २ | १ | ६ | ४ | ९ |
| ६ | ४ | ३ | ८ | ९ | ५ | २ | १ | ७ |
| ७ | २ | ९ | ५ | ४ | ८ | १ | ६ | ३ |
| ४ | ३ | ६ | २ | १ | ९ | ७ | ५ | ८ |
| १ | ८ | ५ | ७ | ६ | ३ | ९ | २ | ४ |

# शब्दचित्रमा माधवप्रसाद उपाध्याय (ढुंगेल)



**Family Name** : **Upadhyay (Dhungel)**
**Name** : **Madhav Prasad**
**Date of birth** : 03 September 1949 A.D.
**Place of Birth** : Ramnagar Mirchaiya-4, (Jiwatari) Siraha, Nepal

**Address**

a) Permanent : 65 Shantigoreto, Bhitrigali, Chabahil, Kathmandu, Nepal
b) Temporary : Aurahi-7, (chepkat) Mahottari, Nepal
Postal Address:

**Telephone**: 00977-1-4471817
**Mobile :** 00977-9841805963
**Citizenship** : Nepali
**Marital Status** **a)** Married
b) Number of Children : 03 (F: 02, M: 01)
**Height** : 5 ½ Inch
**Sex** : Male

**Language Efficiencies:**

Nepali : Mother tongue
English : Excellent
Maithili: Excellent in speaking not writing
Awadhi & Bhojpuri : Understanding level

**Educational Qualification**

1. M.Sc. Statistics from T.U. in 1974
2. M.Sc. Computer Science from Dundee University (U.K.) in 1987

**Training**

1. Programme on Integrated Approach in the Management of Agricultural and Rural Development "Financing Institutions" Conducted by Centre for International co-operation and Training in in Agricultural Banking (CICTAB) in Pune (India) from 8-17 Nov. 1995.
2. Investment Planning and Appraisal for Development Finance Institutions Conducted by University of Bradford at Project Planning Centre (U.K) in 1984
3. Training on Research Methodology Conducted by Agricultural Development Bank, Nepal in 1982
4. Country Course on Statistical Indicators conducted by Asian Statistical Institute Japan at Kathmandu in 1976.

**Work Experience**

1. Chairman (Executive) : Beema Samiti (Insurance Board of Nepal) from Sept, 2003-Sept 2007
2. Deputy General Manager in ADBL, (Area of work : Human Resource Management, Finances Account, Reconciliation Regional Manager & legal section including insurance) from November 1997 to Sept 2003
3. Division Chief : (Area of work : Loan collection policy formulation and implementation and MIS) in ADBL from 1983 to 1997.
4. Section Chief :(Area of work: Computer, MIS, planning and Budgeting of ADBL) from 1983 to 1997.
5. Section Officer (Statistics) : (Area of work: Research for policy making, statistical analysis, progress review & projector preparation of ADBL) from Sept 1975 to June 1983.
6. Assistant Research Officer (Area of work: Research) at CEDA in Tribhuvan University Nepal from April 1975-Sept 1975
7. Assistant Teacher: (Area of work: To teach Comp. & Opt. Mathematics and Camp, Science in class VIII, IX & X) at Sarwamangala High School Panchkhal, Kavrepalanchok, Nepal) from Feb. 1968 to July 1968.

**Recent Involvement**

1. Chairman : Lumbini Academic Foundation, Chabahil, Kathmandu
2. Advisor : Some Co-operative Societies in Kathmandu.
3. Advisor : Shantigoreto Tol Sudhar Society Chabahil

**Professional Affiliation/ Membership**

1. Technical Committee Member: "National Agriculture Census 1992"
2. Subject Committee Member (Statistics) T.U. from 1978 to 1997
3. Subject Committee Member (Computer) K.U. in initial stage for 6 years.
4. Executive Member: Statistical society of Nepal from 1980 - 1984
5. Examiner and Assistant head examiner of Opt. Math and Compulsory Mathematics of SLC Board from 1972 to 1988
6. Member: Centre for Economic Development and Studies (CEDAS), Dillibazar, Kathmandu.
7. Life Member: Management Association of Nepal
8. Member: Siqma Mu Society (A Statistical Society) from 1970 to 1974.
9. Board member: Nepal Housing Development & Finance Company Ltd. Nepal from Feb. 1966 to Sep 1977.
10. Board Member: Agriculture Project Service Centre (APROSC) from May 1998 to Oct 1999.
11. Chairman: Fund Management Company (Promoted by Agricultural Development Bank, Nepal) from Nov. 1999 to Sept. 2003.
12. Founder Member (Nepal): Asian Insurance Regulators Forum initially formed in China (2006).
13. Chairperson : SARC insurance regulators forum in 2006
14. Participated in the following committees while working in ADBL (then ADB/N)



a. Member: Employees Recruitment and Promotion Committee in time & often worked as chairman
b. Chairman: Employees Evaluation Committee
c. Member: Employees Welfare Fund Committee
d. Member: Provident and Gratuity Fund Management Committee
e. Co-coordinator: negotiation Committee
f. Chairman : A committee for implementing Suggestions on Internal Auditors Report.
g. Member Secretary: Board of Director of ADBL (ones)
h. Co-coordinator: Computer Training for ADBL Staff" ( a UNDP) funded program.
i. For General Manager: in the absence of General Manager for about 6 months.

**Social Activities:**

1. Past president and Charter member: Rotary Club of Dillibazar- Kathmandu
2. Life Member: Child Development Society Executive member for eight years Kathmandu, Nepal
3. Founder & Executive Member from CDS, National Child Protection Alliance for one term.
4. Life Member: G.P. Koirala Memorial Community College, Kathmandu.
5. Life member: Community Service Committee, Chabahil, Kathmandu.



6. Life Member: Sirahali Sewa Samaj, Kathmandu Treasurer from 1987 to 1991.

**Award Honor/International Scholarships.**

1. Suprawal Gorkha Dakshin Bahu (Class III) in 2001.
2. Medal for 25 years of Service in Agricultural Development Bank Nepal in 2001.
3. Multiple Paul Harris fellow : Rotary International in 2008 -09
4. D.G. Citation RI District 3290
5. Presidents Citation Rotary International
6. T.C.D.C. Award by British Government for Training (April 1984-July 1984 )
7. T.C.D.C Award by British Government for Master Degree from August 1985 to Feb 1987.
8. Silver Jubilee Honor by Lion's Club of Chabahil, Kathmandu.

**Participation in Delegation**

1. Study tour to identify the computer training institutions in India for ADBL staff in 1991.
2. Study tour to Observe the development banking and micro credit in Thailand and Indonesia in 1995.
3. Attended 43rd & 44th Executive Committee Meeting and 13th & 14th Geueral Assembly of APRACA Assembly held in Manila, Philippines and Bangkok, Thailand respectively and presented country paper in Bangkok, Thailand.
4. Attended executive meeting of IAIS subcommittee meeting held at Singapore, Vienna, China in 2003, 2004, 2005 & 2006 respectively.
5. Attend General Assembly meeting of IAIS (International Association of Insurance Supervisors) held at Singapore, Viena, Jordan and China in 2003, 2004, 2005 and 2006 respectively as a leader.
6. Attended first General Assembly meeting of AIRF (Asian Insurance Regulations Forum) at South Korea in June 2007 as a leader.
7. Attended "East Insurance Forum" as special Guest in Bangkok, Thailand.
8. Attend General Assembly meeting of the forum of insurance and Reinsurance companies as a guest in India & Egypt.
9. Attend General Assembly Meeting and executive meeting of the forum of Insurance Supervisor in India & Egypt as a leader.

**Resource Person**

- Former Resource person for Computer training in National Computer Centre, Kathmandu.
- Former Resource person for MIS training in ADBL and Cooperative Ttraining Centre, Kathmandu.
- Commentator on MIS paper of Ministry of Finance Nepal.

**Career in Rotary**

- President (2007-2008)
- Immediate Past President (2008-2009)
- President Elect (2006-2007)
- Vice President (2005-2006)
- Secretary (2004-2005)
- Joint Secretary (2003-2004)
- Advisor from 2010 to date
- Member: District Community Services
- Member: Senior Citizen Committee

**Publication**

- Impact study on some bank finance activities (Published by ADBL)
- To determine the ideal pump set size in irrigation by ADBL
- Accessibility to educational opportunity in Remote area (Published by CEDA, T.U)

**Country Visited:**

India, U.K, France, Netherland, Luxemburg, Germany, Belgium, Thailand, Indonesia, Philippines, Australia, Jordan, Egypt, UAE, Saudi Arab, Qatar, China, Singapore, Hong-Kong, Sweden, Germany, Bahrain, Bhutan, South Korea Zones and Districts of Nepal Visited: Fourteen Zones & 66 districts.

## डरलाग्दो...

(जीडीपी) को ३६.७५ प्रतिशत पुगेको उक्त संस्थाले बताएको छ। बितेको एक वर्षमा नेपालको कुल निर्यात १५ अर्ब ७५ करोड रुपैयाँ बढ्यो । तर आयातको वृद्धि भने एक खर्ब ७३ अर्ब ४३ करोड रुपैयाँ पुग्यो । राष्ट्र बैंकले गएको असार मसान्तमा व्यापारघाटा अघिल्लो वर्षभन्दा १३.५ प्रतिशतले बढेर १३ खर्ब २१ अर्ब ४३ करोड पुगेको बताएको छ । गत वर्ष ९७ अर्ब ११ करोड रुपैयाँको वस्तु निर्यात गरेर १४ खर्ब १८ अर्ब ५४ करोड रुपैयाँको वस्तु आयात भएको थियो। उपभोग्य वस्तु आयात गर्ने ठूलो पैसा खर्च भइरहेकाले अर्थतन्त्रले धान्न नसक्ने अवस्था सिर्जना हुँदैछ।

राष्ट्र बैंकले केही दिन अगाडि सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति सम्बन्धी प्रतिवेदनले आर्थिक वर्ष २०७५।७६ को अन्त्यसम्ममा मुलुकको व्यापारघाटा अझै बढेर जीडीपीको ३८.१ प्रतिशत पुगेको उल्लेख छ।

## अन्ततः

अमेरिकाले भारतको कस्मिर कदमलाई आन्तरिक मामिला भनिदियो । तर अमेरिकी सिनेटका प्रभावशाली केही सदस्यहरुले भने भारतीय कदमको खुलेरै विरोध गरे। भारतका छिमेकी राष्ट्रहरु बंगलादेश, भुटान, माल्दिभ्स र श्रीलंकाले कस्मिरको स्वायत्तता खोस्ने मोदी सरकारको कदमलाई आन्तरिक मामिला भनेर समर्थन गरे। नेपालले नजिकबाट हेरिरहेको प्रतिक्रिया दियो । औपचारिक धारणा सार्वजनिक गरेन । तर भारतीय विदेशमन्त्री एस जयशंकर काठमाडौं आएपछि भने नेपालले आफ्नो धारणा नबनाई सुख पाएन । भारत र पाकिस्तान दुवै नेपाललाई आफ्नो समर्थनमा उभ्याउन कूटनीतिक कसरतमा थिए। तर जित भने भारतको भएको छ।

परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले भारतीय समाचार एजेन्सी एनएनआईसँगको कुराकानीमा जम्मु कस्मिरको विशेषाधिकार खारेज गर्ने सम्बन्धित देशको आन्तरिक मामिला भएको भन्दै भारतको कस्मिर कदमको समर्थन गरेका छन्। 'संविधानका धाराहरु परिवर्तन गर्ने विषय सम्बन्धित मुलुकको नितान्त आन्तरिक मामिला हो। त्यसैले उक्त निर्णय सम्बन्धमा हामीले बोल्न मिल्दैन।' उनल भिडियो अन्तर्वार्तामा भनेका छन्। साथै भारतको उक्त निर्णयका कारण पर्न सक्ने प्रभावलाई नजिकबाट नियालिरहेको समेत बताएका छन्।

जम्मु कस्मिरको विशेषाधिकार खोस्ने मोदी सरकारको निर्णयप्रति पाकिस्तानले विरोध गर्दै सन् १९७२ मा भएको सिमला सम्झौता र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को विगतको निर्णयको समेत ठाडो उल्लंघन भएको बताएको छ । कस्मिर संकटलाई पाकिस्तानले अन्तर्राष्ट्रियकरण गरिरहेको छ भने भारत कस्मिरसम्बन्धी निर्णय आफ्नो आन्तरिक मामिला भएको भन्दै अन्तर्राष्ट्रिय समुदायलाई नकारात्मक टिप्पणी नगर्न आग्रह गरिरहेको छ। नेपाल कस्मिर मामिलामा तटस्थ बस्दै आएको थियो । भारत र पाकिस्तान दुवैसँग नेपालको कूटनीतिक सम्बन्ध छ। तर अहिले नेपालले भारतीय कदमको घुमाउरो पाराले समर्थन गरेपछि पाकिस्तानसँगको कूटनीतिक सम्बन्धमा चिसोपन आउन सक्ने सम्भावनालाई भने इन्कार गर्न सकिँदैन।

जम्मु कस्मिरको विशेषाधिकार खारेज गर्ने मोदी सरकारको निर्णयमा एक महिनासम्म मौन बसेको नेपालले 'सम्बन्धित देशको आन्तरिक मामिला' भन्नु भारतीय कूटनीतिको जित र पाकिस्तानको कूटनीतिक प्रयासको पराजय भएको विश्लेषकहरुको ठहर छ । भारतले जम्मु कस्मिरका नागरिकहरुमाथि सैन्य दमन चलाएर जुन प्रकारको अमानवीय हर्कत गरिरहेको छ, त्यसको निन्दा विश्वस्तरबाटै हुन थालेको छ।

## १९५० को...

स्थापना हुनुले राणाहरु सम्भावित जनआन्दोलनको भुतले तर्सिएका थिए। राणाहरुको सम्बन्ध चीनका च्याङकाइसेकसँग मात्र थियो माओसँग थिएन । च्याङकाइसेक पेकिङ (बेइजिङ) बाट भागेर फर्मोसा टापुमा आश्रय लिएर बसेका थिए। भारतबाट भायसराय माउन्टबेटन लण्डन फर्किसकेका थिए । राणाहरुको सम्बन्ध माउन्ट बेटनसँग थियो नेहरुसँग थिएन । नेहरु सत्तामा आएपछि उनले नेपालको राणा शासनलाई अनुमोदन नगर्ने बताइसकेका थिए। उनले १ मार्च १९५० मा भारतका मुख्यमन्त्रीहरुलाई पत्र लेखी राणा शासनलाई मान्यता नदिने प्रस्ट पारिसकेका थिए।

जब चीनले आफ्नो अभिन्न अंग भन्दै तिब्बतलाई नियन्त्रणमा लियो मोहन शमशेरले त्यस घटनालाई अशुभ संकेतका रुपमा लिए । अमेरिका र क्यानडाको भ्रमण गरेर फर्किएका नेहरुले काठमाडौं भ्रमण गर्ने निधो गरे । यस्तो आशय उनले परराष्ट्र मामिलाका डाइरेक्टर विजयशमशेरसँग प्रकट गरेका थिए । नेहरु नेपाल आउन खोज्दै गर्दा राणा प्रधानमन्त्री मोहनशमशेर नै पहिले (२००६ फागुन ७ गते) दिल्ली पुगे । रेल्वे स्टेशनमा पुगेर नेहरु आफैंले मोहन शमशेरको स्वागत गरे र हैदरावाद हाउसमा उनलाई भारतको अति विशिष्ट पाहुना बनाए। हैदरावाद हाउसमा मोहनशमशेर र नेहरुबीच डेढ घण्टासम्म गोप्य वार्ता भयो। सन् १९५० को सन्धि त्यही गोप्य वार्ताले तय गरेको थियो।

### सन्धिको मस्यौदा

मोहनशमशेर काठमाडौं फर्किने बित्तिकै तत्कालीन भारतीय राजदूतले प्रस्तावित सन्धिको मस्यौदा थमाए । सन्धिको मस्यौदामाथि छलफल गर्न विजय शमशेरको नेतृत्वमा सरदार नरेन्द्रमणि आचार्य दीक्षित, सरदार गुन्जमान सिंह र मिरसुब्बा भीमबहादुर पाँडे दिल्ली पुगे । भारतबाट सेक्रेटरी गिजाशंकर बाजपेयी, विदेश सचिव केपिएस मेनन, सहसचिव सुन्दर हकस र नेपालका लागि भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण छलफलमा सहभागी भए। भारतले मस्यौदा गरेको सन्धिको धारा २,५,६ र ७ मा नेपाली पक्षले सहमति जनाएन। धारा २ मा नेपाल र भारत दुवै सरकारले कुनै छिमेकीसँग गम्भीर खटपट या विवाद उत्पन्न भए एक अर्कालाई जानकारी दिने उल्लेख गरिएको थियो। धारा ५ मा हातहतियार विस्फोटक पदार्थ वा गोलीगठ्ठा कलपुर्जा आदि भारतबाट या भारतीय भूभाग भएर आयात गर्न भारतको सहमति लिनुपर्नेछ भनी अन्य देशबाट ल्याउन बन्देज गरिएको थियो। धारा ६ मा औद्योगिक र आर्थिक विकासका मामिलामा एक अर्को देशका नागरिकलाई सहभागी हुन राष्ट्रिय व्यवहार प्रदान गर्ने उल्लेख थियो । धारा ७ मा एक अर्को देशका नागरिकलाई आआफ्नो भूभागमा बसोबास तथा सम्पत्तिको भोगचलन गर्ने, उद्योग र व्यापारिक कारोबारमा भाग लिने, डुलफिर गर्ने कुरामा समान आधारमा विशेषाधिकार प्रदान गर्ने उल्लेख थियो।

भारतीय पक्षले नेपालको चासो लेटर अफ एक्सचेन्जमा समेटिने बताए पनि नेपाली वार्ता टोली सहमत भएन । वार्ता टोली काठमाडौं फर्कियो र छलफलको विस्तृत विवरण मोहन शमशेरलाई दियो । तर मोहनशमशेरले हैदरावाद हाउसको नेहरु भेटमा सायद राणा शासन जोगाइ राख्न भारतको साथ रहने आश्वासन पाएका थिए। उनले आफैंले सन्धिमा हस्ताक्षर गर्ने निर्णय गरे।

सन्धिमा हस्ताक्षर

सन् १९५० जुलाई ३१ तारिखका दिन सिंहदरबारको ग्यालरी बैठकमा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भयो । नेपालका तर्फबाट श्री ३ मोहनशमशेर र भारतबाट नेपालका लागि राजदूत चन्देश्वरप्रसाद नारायण सिंहले हस्ताक्षर गरे । सन्धि हुँदा स्वतन्त्र भारत करिब तीन वर्षको थियो भने नेपाल १०४ वर्षीय राणा शासनको आखिरी समयमा थियो । सन्धिअघि कर्मचारीतन्त्रको स्तरमा भएको छलफलमा नेपालले वैकल्पिक ११ धारा समेटिएको मस्यौदा पेस गरेको थियो । भारतले पेस गरेको सन्धिका धारा २,५,६ र ७ मा नेपाली कुटनीतिज्ञ र प्रशासकले असहमति जनाए पनि मोहनशमेशरले सत्ता बचाउन सही गरेका थिए। नेपालबाट प्रधामन्त्रीले र भारतबाट राजदुतले सन्धिमा हस्ताक्षर गर्नु नै असमानता थियो। नेपाल भारतबीच युद्ध नभएको अवस्थामा शान्ति तथा मैत्री सन्धि गरिनु औचित्यपूर्ण थिएन । राणा शासन बचाउने मोहन शमशेरको यो अन्तिम प्रयास एक वर्षपछि २००७ साल फागुन ७ गते राणा शासनको अन्त्यसँगै विफल भयो।

### सन्धिमा नेपाल के चाहन्छ ?

सन्धिका धारा २, ५, ६ र ७ समयसापेक्ष नरहेको भन्दै अद्यावधिक गर्नुपर्ने नेपालको प्रस्ताव छ। २१औं शताब्दीअनुकूल सन्धि परिमार्जन गर्नुपर्ने धारणा राखेको छ । ३१ जुलाई १९५० मा नेपाल र भारतबीच शान्ति तथा मैत्री सन्धि भएको थियो। तत्कालीन श्री ३ मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि तत्कालीन राजदूत चन्द्रेश्वरप्रसादनारायण सिंहले सन्धिमा हस्ताक्षर गरेका थिए।

**धारा २ :** कुनै राष्ट्रसँग ठूलो खलबल वा फाटो पर्न आई त्यसबाट दुई सरकारका बीचमा रहेको मैत्रीको सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबुल गर्छन्।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-११



**खोमदत्त बराल**

जीबन सहज असहजको अन्तर घुलन र समायोजन पनि हो यसै भयो। एक छिन त के के लेखियो। तिर्खाले धेरै सतायो। पानी खोज्दै एउटा बाटोको पसलमा पुगियो। पानी मागियो। एक बोतलको १५ रुपैया भन्ने बाणी प्राप्त भयो। अन्त त १२ रुपैयामा पाइन्छ त बहिनी भन्ने वाक्यलाई बहिनिले सहज स्वीकार गरिन्। १५ मा बेचिन्थ्यो १२ मा नै लान अनुमति दिइन्। भारतलाई चिन्ह थालिएछ। ठिक दाम गर्न जानेर ३ रुपैया बचाइयो। हुन त यसरी पेनी बाइज पौण्ड फल्लिस भएका यात्रामा धेरै प्रमाण छन्। सानै भए पनि थोरै बचाइयो। यो पनि कम होइन। एउटा पानीको बोतल एकै छिनमा स्वाहा। उमाजीले कागती पानी माग राखिन्। उनै बहिनीको पसलमा गएको त कागती पानी नभएको पो बताइन्। बाटो पारी पट्टि अर्को पसलमा छ। अर्को भाइले चलाउँदै रहेछ। सोधेको त ल्याइ दिन आदेश फर्मान गरे। पछि ल्याइदिउँला भनेको त उनको छोरो नै आइ पुग्यो। छोरोलाई साथ लगाएर पसलले पैसा र बोतल लिन पठायो। आइयो लिक्काको पानी खाइयो। केटाले नै बोतल र पैसा लिएर फिर्ता गयो। यस पटकको पानी खाने खेलो सकियो। एक छिनको मात्र बसाइ हो र तीन घण्टा बित्न लाग्यो। लघु शंकाको शंका जागरण भयो, वरिपरि हेरियो, देखिएन। गाडिको कर्मचारी मित्रलाई सोधियो। बसको पछाडी खुल्ला ठाउँमा गर्दा हुँने अनुमति पाइयो। पिसाप गर्नै खुल्ला ठाउँ संगै झुपर पट्टि बस्ती रहेछ। असहज लाग्यो। ती झुप्राबाट आवाज आइरहेको छ। ती मानब प्राणीहरुमा यस्तो फोहोर मैलाको गन्धले के गर्दो हो। बिबराताको जीबन जीउन कसरी बाध्यता भयो। *(क्रमशः)*

अघि घुमेका भब्य ताजमहल र अमेध लालकिल्लाले म माथि पनि प्रश्न उठायो। ती ठूला भब्य भवन हेर्नलाई पैसा बुझाएर आइस यहाँ भन्ने मानब बस्तीमा यो के गरेको ? निर्लज्ज। वास्तबमा नै असहज भयो। भावनामा डुबेर बताउँने ती भब्य र मूल्यवान भवनका निर्माता र उनका बिचारमा सहमत हुँदै सासन गर्ने भारतका शासकहरुलाई चेतावनी हुनु पर्छ। तिमी जस्ता यात्रुहरुले पनि बुझ्नु पर्ने बिषय पनि हो। सकेमा यी भारतिय जनताको भाबनाको हत्या गर्ने र जनजीबन सहज पार्ने तर्फ पहल नगर्ने र नसोच्ने शासकको उछित्तो काढ्न प्रयास गर्नु पर्छ। कलमलाई सशक्त बनाउँनु पर्छ भन्ने सन्देस प्राप्त भयो। उमाजीलाई चियामा धेरै उचि छ। बाटा पारिको एउटा पसलमा चिया पाक्ने गरेको रहेछ। उहाँलाइ उतै तिर चियाको तृष्णा मेटाउँन यात्रा ब्यबस्था मिलाइयो। धेरै समय मिलाएर चिया प्राप्त भयो। एक गिलास चियाको स्वाद पान गरेर उमाजी यतै फिर्ता आइन्। अब भने तोकिएको समय नजिकै छ।

दुई एक जोडी यता उती गर्दैछन्। एउटा मंगोल ढपको केटासँग आर्यान ब्राहमण पुत्रीले साथ दिएको छ। यसो त आखाँ भरीका केही यौबनहरुले पनि यस भब्य धुलो मुक्त परिसरमा चलखेलमा साथ मिलेको छ। घाम र थकानले कही कतै रुचिका अंस बचेको जस्तो लागेन। खासै यता उताको वाताबरणमा घुलमिल हुन सकिएन। पााचै बज्यो, कर्मचारी सँग कुरा भयो। यति नै बेला गाडीका साहू रहेछन्। स्कूटर चढेर मेरै छेउमा ल्याएर स्कूटर रोख्यो। मानिस भने पैचालिस पचासको हुनु पर्छ मोटो छ। स्मलपक्सको दागहरु पनि अनुहारमा भएको दागते गोबरमा मसिना असिनाले हिर्काए जस्ता चिन्न्हरु छन्। मान्छे आफूलाई साहू भन्ने रबाफ झार्न सक्ने जस्तोछ। उसको अर्को कर्मचारीले कुर्सी ल्याएर दियो। अर्को उमाजी चिया खान गएको समयमा आएकोले उनको कुर्सी रिजर्भका लागि राखेको झोला हटाएर त्यो कुर्सी पनि ती साहूलाई लगिदियो। त्यति बेला यस कलमदीरलाई हुन सम्म रिस र झोंक चलिसकेको थियो। आफ्नो कुर्सी लाने र आफू छेउमै स्कुटर ल्याएर पोज देखाउँने र सामन्ती संस्कारका सबै संस्कार संस्कृति प्रबृत्ति देखाउँने सँग जिन्दगीमा नै रम्न सकिएन। बस स्टपमा यहाँ पनि यस्तै भयो। अनि समयले पनि त्यहाँबाट बिदा दिदै गरेकोले यस्तो स्थानबाट स्तानान्तर हुनु नै राम्रो भनेर झोला बोकेर हिडियो। आफ्नो सिट नंबर नौ र दश थियो। बसको बीच खण्डमा बसियो। हाम्रो सिट अगाडि झापाको गौरादह बस्ने एक जना दहाल भाइ भेट भयो। उसले ताजमहलमा पनि खेदेको रहेछ। गफ गाफ भयो। गौरादहमा घरबास भएको केटो तोपगाछीमा कुनै अधिकारी जातथरका छोरीसंग बिहा भएको रहेछ। उनको मामा ससुरा भने बिर्ता शनिश्चरेमा रहेछन्। एक पटक कुरा भए पछि झण्डै एकै भान्साका परिबार जस्तै बनिहालियो।उनकोसाथमाअम्बीकारिजालका नाती र सायद उनकै छोरी रुपा भन्ने सानी केटी संग थिए। *(क्रमशः)*

तर, भारतले विगतमा चीन र पाकिस्तानसँगको युद्धमा नेपाललाई जानकारी गराएको थिएन। यो धारा कार्यान्वयनमा नआएको र यसले एक-अर्काको सार्वभौम अधिकार कुण्ठित गरेको नेपालको बुझाइ छ।

**धारा ५** : नेपाल सरकारलाई भारत राज्य क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाका निमित्त चाहिने हातहतियार, कलपुर्जा, गोलीगट्ठा, खरखजाना, मालसामानको पैठारी गर्ने अधिकार छ। दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तीलाई चालू गराउने कारबाहीको तय गर्नेछ।

तर, यो धाराअनुसार भारतबाटै नेपालले हतियार लिनुपर्ने बाध्यता नभए पनि ०४५ मा नेपालले चीनबाट एन्टी एयरक्राफ्ट गन ल्याउँदा भारतले नाकाबन्दीसम्म गऱ्यो । यही सन्धिसम्बन्धित १९६५ को हतियार खरिदसम्बन्धी सम्झौताले पनि नेपाललाई अप्ठ्यारो पारेकाले सच्याउनुपर्ने नेपालको धारणा छ। पछि नेपालले बेल्जियम र अमेरिकाबाट हतियार ल्याउँदा भारतले कूटनीतिक च्यानलमार्फत् असन्तुष्टि जनाएको थियो।

**धारा ६** : भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतीकस्वरूप दुवै सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका आदर्श सरकारका जनतालाई आफ्ना मुलुकको औद्योगिक, आर्थिक विकास र त्यस्तो विकाससम्बन्धी रियायत र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिन कबुल गर्छ।

तर, यो धाराअनुसार भारतीयलाई राष्ट्रिय व्यवहार गर्न नसकिने नेपालको प्रस्ताव छ। नेपालको जनसंख्या र भूगोलअनुसार यो सम्भव नहुने उल्लेख छ।

**धारा ७** : नेपाल सरकार र भारत सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका अर्को मुलुकका जनतालाई निवास, सम्पत्तिको भोग, व्यापार, वाणिज्यमा भाग लिन, चलफिर गर्न र अरू त्यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार लिनलाई कबुल गर्छन्। तर, भारत र नेपालको जनसंख्या र भौगोलिक आकार फरक भएका कारण यो कार्यान्वयन हुन नसक्ने र प्रावधान नै संशोधन गर्नुपर्ने नेपालको प्रस्ताव छ।

## चिनियाँ...

भ्रमणलाई विशेष बनाउन विदेशमन्त्री वाङ नेपाल आउने भएका हुन्। राष्ट्रपति सीले नेपाल भ्रमणका क्रममा बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) को विषयमा विशेष सम्बोधन गर्ने बताइएको छ। साथै क्रस बोडर रेलवे अन्डर ट्रान्स हिमालय मल्टिडाइमेन्सन कनेक्टिभिटी नेटवर्कको विषयमा विशेष घोषणा हुन सक्ने अनुमान गरिएको छ।

संघाई कर्पोरेसन अर्गनाइजेसन (एससीओ) समिटमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र सीबीच भएको साइड लाइन भेटवार्तामा उनको अर्को समिट भारतमा हुने समझदारी भएको बुझिएको छ। भारतको मामालापुरममा मोदी र सीको भेट हुने निश्चित भएको हो । युनेस्को विश्वसम्पदा सूचीमा रहेका ऐतिहासिक पुरातात्विक क्षेत्रमा सीको भ्रमण हुने भारतीय सञ्चारमाध्यमले जनाएका छन्। दुई जनाबीचको पहिलो अनौपचारिक समिट २७ र २८ अप्रिलमा भएको थियो।

नेपाल ट्रिटी अफ पिस एन्ड फ्रेन्डसिपमा दुई देशबीच २८ अप्रिल १९६० मा हस्ताक्षर भएदेखि नेपाल र चीनबीचको सम्बन्ध सुमधुर रहँदै आए पनि व्यापार कनेक्टिभिटिभ विस्तारमा भने नेपाल पछाडि परेको छ। राष्ट्रपति सीको भ्रमणले यी विषयले द्रुत गति लिने विश्वास गरिएको छ। २२ मार्च २०१६ मा नेपाल र चीनबीच ट्रान्जिट व्यापार सम्झौतामा हस्ताक्षर भएको थियो।

सो सम्झौताअनुसार नेपालले चीनको सामुद्रिक बन्दरगाह प्रयोग गर्न पाउनेछ। यातायात समझारी प्रत्येक १० वर्षमा पुनरावलोकन गरिने उल्लेख छ। पोखरामा चीनले क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउन सहयोग गर्ने सो समझदारीमा उल्लेख छ। नेपालमा तेल तथा ग्याँस खानीको उत्खननमा चीनले सहयोग गर्ने उल्लेख छ। सीको नेपाल भ्रमणमा यी विषयसमेत उठ्न सक्ने उल्लेख छ।

यसैबीच चिनियाँ विदेशमन्त्री वाङ यी आइतबार नेपाल आउने भएका छन्। विदेशमन्त्री वाङ दुईदिने नेपाल भ्रमणका क्रममा २२ भदौका दिन आउन लागेका हुन्। परराष्ट्र मन्त्रालय स्रोतका अनुसार वाङ इस्लामावादमा हुने पाकिस्तान-अफगानिस्तान-चीनबीचको त्रिपक्षीय बैठकमा सहभागी भएर आइतबार साँझ काठमाडौं आइपुग्नेछन्।

चिनियाँ राष्ट्रपति सी चिङफिङको सम्भावित नेपाल भ्रमणको तयारीका लागि वाङको नेपाल भ्रमण हुन लागेको हो। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको निमन्त्रणामा विदेशमन्त्री वाङ नेपाल भ्रमणमा आउन लागेका हुन्।

चिनियाँ विदेशमन्त्री वाङ यसअघि गत जुलाईमा प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री भएपछि उच्चस्तरीय राजनीतिक भेटघाटमा नेपाल आएका थिए। विदेशमन्त्री वाङले नेपाल भ्रमणका क्रममा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री ओलीसँग भेटवार्ता गर्ने छन्। उनले नेपाल भ्रमणमा रहँदा परराष्ट्रमन्त्री ज्ञवालीसँग दुई पक्षीय छलफल गर्नेछन्।

## झन चुलियो...

अन्य मुलुकको ८.९ प्रतिशतले बढेको छ। राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको देशको आर्थिक विवरणअनुसार भन्सार नाकाका आधारमा सुक्खा बन्दरगाह भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालयबाहेक अन्य मुख्य भन्सार नाकाबाट भएको निर्यातमा वृद्धि भएको छ। आयाततर्फ भने कृष्णनगर भन्सार कार्यालयबाहेक अन्य मुख्य भन्सार नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, तयारी पोसाक, विद्युतीय सामान, अन्य मेसिनरी पार्टपुर्जा, एमएस बिलेटलगायतका वस्तको आयात बढेको छ। सिमेन्ट, यातायातका साधन तथा पार्टपुर्जा, दूरसञ्चारका उपकरण तथा पार्टपुर्जा, स्वास्थ्य उपकरण तथा औजार, प्लास्टिक दानालगायतका वस्तुहरूको आयात घटेको छ।

नेपाल राष्ट्र बैंकले शोधनान्तर घाटा ६७ अर्ब ४० करोड पुगेको उल्लेख गरेको छ। अघिल्लो बर्ष ९६ अर्ब बचतमा थियो।एक वर्षको अवधिमा चालू खाता घाटा २ खर्ब ६५ अर्ब ३७ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा २ खर्ब ४७ अर्ब ५७ करोड रहेको थियो । आर्थिक वर्ष २०७५/७६ मा वैदेशिक रोजगारमा जानेको संख्या ३२.६ प्रतिशतले घटे पनि विप्रेषण आप्रवाह भने १६.५ प्रतिशतले वृद्धि भइ ८ खर्ब ७९ अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वढेको थियो। अमेरिकी डलरमा भने विप्रेषण आप्रवा ७.८ प्रतिशतले वृद्धि भएको छ।

अघिल्लो वर्ष यस्तो आप्रवाह १०.२ प्रतिशतले बढेको थियो । श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जानेको संख्या ९.३ प्रतिशतले घटेको थियो । पुनः श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने समीक्षा वर्षमा ५.४ प्रतिशतले बढेको छ।

एक वर्षको अवधिमा विदेशी मुद्राको सञ्चिति घटेको छ। ९ खर्ब ८९ अर्ब ४० करोडको सञ्चिति ९ खर्ब २ अर्ब ४४ करोडमा झरेको छ। राष्ट्र बैंकका अनुसार खुद ट्रान्सफर वृद्धि भई ९ खर्ब ९४ अर्ब ७९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो प्राप्ति १.५ प्रतिशतले बढेको थियो। नेपाल राष्ट्र बैंकका अनुसार गत आवमा मूल्यवृद्धि दर ४.६ प्रतिशत कायम रहेको छ। अघिल्लो आवमा यस्तो मुद्रास्फीति ४.२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७५/७६ मा आर्थिक वृद्धि ७.१ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०७५/७६ मा सरकारको बैंकिङ कारोबारमा आधारित खर्च १ खर्ब ३१ अर्ब १५ करोड र राजस्व संकलन ८ खर्ब ६५ अर्ब ५५ करोड रहेको छ।

वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १५.८ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन १८.० प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा १९.४ प्रतिशतले बढेको छ । २०७६ असार मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको चुक्ता पुँजी ३ खर्ब ५ अर्ब ९० करोड, कुल निक्षेप ३२ खर्ब ३५ अर्ब र निजी क्षेत्रतर्फको कर्जा २८ खर्ब ६६ अर्ब पुगेको छ।

## राजतन्त्र...

सहयोग गरेको थियो। तत्कालीन राजीव गान्धी सरकारले नेपालमा भइरहेको आन्दोलनलाई सहयोग गर्ने निर्णय गरेको थियो। नेपालका राजालाई दबाब दिन विभिन्न चरणमा भएका प्रयास असफल भएका थिए। त्यसपछि भारत सरकारले नेपालसँगको सीमा बन्द गरेको थियो। नेपालमा उपभोग्य वस्तुको हाहाकार भएको थियो।

यसैको आडमा आन्दोलन अघि बढेको थियो। त्यसबीचमा राजा वीरेन्द्रले चीनसँग सहयोगका लागि अनुरोध गरेका गरेका थिए। त्यस बेला रअका प्रमुख एके वर्माले जासुस जीवनाथनलाई नेपालमा विशेष अभियान चलाउन जिम्मा लगाएको पुस्तकमा उल्लेख छ।

रअको अभियानपछि नेपालका अधिकांश नेताहरू रअका अधिकारीलाई भेट्न गएको 'इनसाइड नेपाल'मा उल्लेख छ।

## सांस्कृतिक...

पदाधिकारीहरु, प्राज्ञहरु, प्राध्यापकहरु तथा प्रलेसका सल्लाहकारहरु, लेखक, साहित्यकार, कविहरुले ठूलो संख्यामा आतिथ्यता ग्रहण गर्नुभएको थियो।

प्रलेसका महासचिव समिर सिंहले कार्यक्रमको औचित्यतामाथि प्रस्ट पार्नुभएको थियो भने हेम आश्रयले प्रगतिशील गीत प्रस्तुत गर्नुभएको थियो । सहिदहरुको सम्मानमा मौनधारण र राष्ट्रिय गीतको प्रस्तुतिपछि प्रा.डा.पशुपतिनाथ तिमल्सेनाले 'प्रगतिशील लेखन र सांस्कृतिक रुपान्तरण' शीर्षकको गोष्ठीपत्र प्रस्तुत गर्नुभएको थियो । प्रगतिशील लेखनको ऐतिहासिक पृष्ठभूमि, विभिन्न कालखण्ड, वर्तमान अवस्था र सांस्कृतिक रुपान्तरणका समस्याहरु केलाएर प्रस्तुत गरिएको गोष्ठीपत्रमा समालोचक बिन्दा मैनालीले टिप्पणी प्रस्तुत गर्नुभएको थियो । गोष्ठीपत्रमाथि सहभागीहरुको तर्फबाट सुझाव मागिएकोमा प्रा.डा.बद्रीविशाल पोखरेल, गोपाल ठाकुर, गोपीरमण उपाध्याय, सुशीला प्रधानाङ्ग, चेतनाथ धमला, सालिक तिम्सेना, केशव कालिकोटे, सीता ओझा, रणेन्द्र बराइली, केडीबी राउत, लोकनारायण सुवेदी, विधान आचार्य लगायत १९ जनाले सुझाव प्रस्तुत गर्नुभएको थियो।

प्राप्त सुझावहरुको आधारमा गोष्ठीपत्रलाई थप परिमार्जित र परिष्कृत बनाएर प्रलेसको मुखपत्रमा प्रकाशन गर्ने जानकारी गोष्ठीपत्र प्रस्तोता प्रा.डा.पशुपतिनाथ तिमल्सेनाले दिनुभएको थियो । कार्यक्रमको सञ्चालन प्रलेसका उपमहासचिव आरसी न्यौपानेले गर्नुभएको थियो।

## प्रधानमन्त्री...

रोजगार दिएर भत्ता खुवाउनेभन्दा अरु केही भएको देखिँदैन यस कार्यक्रमले । त्यस कारण यसरी बालुवामा पानी खन्याए जसरी बिना नतिजाको काम गर्नुभन्दा ५ अरबमा अरु ५ अरब थपेर उद्योगधन्दा सरकारी तहबाट खोल्ने र युवाहरुलाई रोजगार दिने काम भयो भने चाहिँ केही राहत हुन्थ्यो। हैन भने बर्षैपिच्छे बटेज चाहिँ बढिरहन्छ नतिजा शून्य नै हो।

रोजगारका नाममा छाडा बस्तु भेला गर्ने काममा युवा शक्तिलाई प्रयोग गर्नु राष्ट्रकै लज्जाको विषय हो। यसरी छाडावस्तु समाउन लगाउनुभन्दा कृषि कार्यमा लगाउन सकियो भने प्रभावकारी हुन्छ। जुम्लामा सरकारीस्तरबाट स्याउ खेतीको विस्तार गरी त्यतातर्फ युवाहरुलाई आकर्षण गर्न सकियो भने प्रभावकारी हुने थियो। जुम्लाको स्याउ देशैभरीको बजारमा बजारीकरण गरेर बाहिरबाट नेपालमा ल्याउन नपर्ने किसिमले काम गरेको अवस्थामा प्रधानमन्त्री रोजगार कार्यक्रमको सार्थकता रहने थियो।

युवाहरुलाई छाडा वस्तु समाउन लगाउने, कार्यले न देशको विकासको संकेत गर्छ न उनीहरुले सिक्ने कुनै कुरा नै हुन्छ। आज ठूलो हिस्सा बेरोजगारको भोकले भौंतारिरहेको छ । विदेशतिरको लर्को त्यस्तै छ । यसमा सरकारले ठोस काम गर्न सकेको छैन। त्यसैले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सरकारले प्रभावकारी बनाएर उत्पादनशील कार्यमा युवाहरुलाई परिचालन गर्न आवश्यक देखिन्छ।